जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १२१ • २०८३ साल आश्विन २ गते शुक्रबार (18 September, Friday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-


## संविधान पुनर्लेखनका लागि अध्यक्ष यादवको तीन सुझाव

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी(जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले नेपालको संविधान, २०७२ को समीक्षा, संशोधन तथा आवश्यकताअनुसार पुनर्लेखन गर्न सरकारसमक्ष तीन वटा सुझाव दिएका छन् ।

अध्यक्ष यादवले बिहीबार सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेको सुझावमा संविधानका सकारात्मक उपलब्धि संरक्षण गर्दै संघीयता, समानता, समावेशिता, सामाजिक न्याय, लोकतान्त्रिक गणतन्त्र र जनताको सार्वभौमसत्तालाई थप प्रभावकारी रूपमा संस्थागत गर्नुपर्ने उल्लेख गरेका छन् ।

पूर्वउपप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष यादवले पहिलो सुझावमा संविधान संशोधनको बहसलाई समग्र र निष्कर्षमुखी बनाउनुपर्ने बताए । संघीयता, निर्वाचन प्रणाली, शासकीय स्वरूप, समावेशीता, न्यायपालिकाको पुनर्संरचना, धर्मनिरपेक्षता, सामाजिक न्याय तथा संघ, प्रदेश र स्थानीय तहबीच अधिकार र स्रोतको बाँडफाँटलगायत विषयलाई समग्रतामा सम्बोधन गर्नुपर्ने उनको भनाइ छ। संशोधन कुनै दल वा सत्तारूढ शक्तिको स्वार्थमा सीमित नभई राष्ट्रिय संवाद, राजनीतिक सहमति र जनसहभागिताका आधारमा हुनुपर्ने उनले बताए ।

### अख्तियारमा मधेश प्रदेशको सर्वाधिक उजुरी

# प्रदेश सरकारविरुद्ध १ हजार, स्थानीय तहमा ७ हजारभन्दा बढी उजुरी

**टुडे समाचारदाता**

जनकपुरधाम । अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा आर्थिक वर्ष २०८२/८३ मा दर्ता भएका उजुरीमध्ये मधेश प्रदेशसँग सम्बन्धित उजुरी सर्वाधिक देखिएका छन् । प्रदेश सरकारविरुद्ध परेका उजुरीमा मधेश प्रदेश अग्रस्थानमा रहँदा स्थानीय तहविरुद्धका उजुरीमा पनि मधेशकै स्थानीय तहहरू सबैभन्दा अगाडि छन् ।

आयोगले जनाए अनुसार प्रदेश सरकारतर्फ कायम भएका कुल ५ हजार ३०५ उजुरीमध्ये मधेश प्रदेशसँग सम्बन्धित १ हजार ४७५ वटा अर्थात् २७.८ प्रतिशत छन् । प्रदेशगत रूपमा सबैभन्दा कम उजुरी गण्डकी प्रदेशमा ४०७ वटा अर्थात् ७.६७ प्रतिशत रहेका छन् ।

मधेश प्रदेशमा प्रदेश सरकारसँग सम्बन्धित उजुरीमध्ये भौतिक पूर्वाधार तथा यातायात क्षेत्रका उजुरी बढी रहेका छन् । अन्य प्रदेशमा भने वन तथा वातावरण क्षेत्रसँग सम्बन्धित उजुरीको संख्या बढी रहेको आयोगले जनाएको छ ।

स्थानीय तहसँग सम्बन्धित उजुरीमा पनि मधेश प्रदेश पहिलो स्थानमा छ । देशभरका स्थानीय तहसँग सम्बन्धित कुल २० हजार २५ उजुरीमध्ये मधेश प्रदेशका स्थानीय तहविरुद्ध मात्रै ७ हजार ३७० वटा अर्थात् ३६.८० प्रतिशत उजुरी परेका छन् ।

स्थानीय तहगत रूपमा सबैभन्दा बढी उजुरी काठमाण्डु महानगरपालिकाविरुद्ध ४२१ वटा छन् । दोस्रोमा पोखरा महानगरपालिकाविरुद्ध ३७२ वटा उजुरी परेका छन् । त्यसपछि धनुषाको विदेह नगरपालिका, पर्साको छिपहरमाई गाउँपालिका, धनुषाको जनकपुर उपमहानगरपालिका, सिरहा नगरपालिका, बाराको जितपुरसिमरा उपमहानगरपालिका, बाराकै सुवर्ण गाउँपालिका, पर्साको वीरगञ्ज महानगरपालिका र बाराको पचरौता नगरपालिका रहेका छन् ।



यसरी स्थानीय तहविरुद्ध बढी उजुरी परेका शीर्ष १० स्थानीय तहमध्ये आठवटा मधेश प्रदेशकै रहेका छन् । यसले मधेशका स्थानीय तहसँग सम्बन्धित उजुरीको हिस्सा उल्लेख्य रहेको देखाउँछ ।

आयोगले जनाए अनुसार आर्थिक वर्ष २०८२/८३ मा देशभर कुल ४० हजार ८४२ उजुरी कायम भएका थिए। तीमध्ये ३३ हजार ५१९ वटा नयाँ दर्ता भएका हुन् भने अघिल्लो आर्थिक वर्षबाट ७ हजार ३२३ उजुरी जिम्मेवारी सरेर आएका थिए । कुल उजुरीमध्ये ३२ हजार ८२३ वटा अर्थात् ८०.३७ प्रतिशत स्क्रिनिङ तथा प्रारम्भिक छानबिनबाट फर्स्योट भएका छन् । बाँकी ८ हजार १९ उजुरी आर्थिक वर्ष २०८३/८४ का लागि जिम्मेवारी सरेका छन् ।

तहगत रूपमा हेर्दा स्थानीय तहसँग सम्बन्धित उजुरी २० हजार २५ अर्थात् ४९.०३ प्रतिशत छन् । संघीय सरकारसँग सम्बन्धित उजुरी १५ हजार ५१२ अर्थात् ३७.९८ प्रतिशत र प्रदेश सरकारसँग सम्बन्धित उजुरी ५ हजार ३०५ अर्थात् १२.९९ प्रतिशत छन् ।

संघीय सरकारतर्फ भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग सम्बन्धित उजुरी सबैभन्दा धेरै ३ हजार ३६ वटा छन्। त्यसपछि शिक्षा तथा खेलकुद मन्त्रालयसँग १ हजार ९८३, गृह मन्त्रालयसँग १ हजार ७५७ र पूर्वाधार विकास मन्त्रालयसँग १ हजार ९५ वटा उजुरी रहेका छन् ।

विषयगत रूपमा संघीय मामिला क्षेत्र, स्थानीय तहसमेत, कुल उजुरीको ३५.३५ प्रतिशत अर्थात् १४ हजार ४३९ उजुरीसहित पहिलो स्थानमा छ । शिक्षा क्षेत्रमा १४.६७ प्रतिशत, गैरकानुनी सम्पत्ति आर्जनमा ७.०८ प्रतिशत र भूमि प्रशासनमा ६.७७ प्रतिशत उजुरी परेका छन् ।

यस अवधिमा आयोगले ६२ वटा बैठक गरी १ हजार १३० निर्णय गरेको छ । विभिन्न भ्रष्टाचारजन्य कसुरमा विशेष अदालतमा १७५ वटा मुद्दा दायर गरिएका छन् । ती मुद्दामा ९९० जना प्रतिवादी बनाइएका छन् भने कुल २५ अर्ब २३ करोड ६५ लाख ९७ हजार ९८९ रुपैयाँ ८२ पैसा बिगो मागदाबी गरिएको आयोगले जनाएको छ ।

विशेष अदालतबाट यस आर्थिक वर्षमा १५६ मुद्दाको फैसला प्राप्त भएकोमा ८१ वटा मुद्दामा अर्थात् ५१.९२ प्रतिशतमा कसुर कायम भएको आयोगले जनाएको छ । त्यस्तै, सर्वोच्च अदालतमा १०४ वटा पुनरावेदन दर्ता गरिएको छ ।

आयोगले पाँचौं रणनीतिक योजनाअन्तर्गत निर्धारित ७३ क्रियाकलापमध्ये दोस्रो वर्षमै १९ वटा सम्पन्न गरी २६ प्रतिशत प्रगति हासिल गरेको जनाएको छ । सुशासन प्रवर्धन अन्तर्गत चितवन, डडेलधुरा, बाजुरा र डोटीका चार जिल्ला तथा १३४ स्थानीय तहमा अन्तरक्रिया कार्यक्रमसमेत सञ्चालन गरिएको आयोगका प्रवक्ता एवं सूचना अधिकारी सुरेश न्यौपानेले जानकारी दिए ।




# लोककल्याणकारी विज्ञापनको रकम कटौती गरिएकोमा सांसदको आपत्ति



"त्यसैले लोक कल्याणकारी विज्ञापनलाई कटौती गर्ने संशोधित कार्यविधि तत्काल खारेज गरियोस् । रकम घटाउने होइन समय अनुकूल वृद्धि गरियोस् ।"

**टुडे समाचारदाता**

काठमाण्डू । छापा सञ्चारमाध्यमलाई उपलब्ध गराउँदै आएको लोककल्याणकारी विज्ञापनको रकम कटौती गर्ने सरकारको निर्णयप्रति श्रम संस्कृति पार्टीका प्रमुख सचेतक आरेन राईले आपत्ति जनाएका छन् ।

प्रतिनिधि सभाको बिहीवारको बैठकमा बोल्दै उनले चालु आर्थिक वर्षको बजेटमा विनियोजन गरिएको लोककल्याणकारी विज्ञापनको रकम सूचना तथा सञ्चार मन्त्रालयले कार्यविधिमार्फत घटाउने निर्णय गर्नु संसदको अधिकार र सार्वभौमिकताको अपमान भएको भने ।

सरकारले २०८३ भदौ ५ गते कार्यविधिमार्फत लोककल्याणकारी विज्ञापनको रकम घटाउने निर्णय गरेको थियो । प्रमुख सचेतक राईले लोकतन्त्र, प्रेस स्वतन्त्रता र नागरिकको सूचनाको हकका लागि सञ्चारमाध्यमले निर्वाह गरेको भूमिकालाई ध्यानमा राख्दै लोककल्याणकारी विज्ञापनको रकम कटौती गर्नुको सट्टा समयअनुकूल वृद्धि गर्न सरकारको ध्यानाकर्षण गराएका हुन् ।

'आर्थिक वर्ष २०८३/८४ को बजेटमा विनियोजन भएको लोक कलयाणकारी विज्ञापनको रकमलाई भदौ ५ गते सूचना तथा सञ्चार मन्त्रालयबाट जारी गरिएको कार्यविधि मार्फत घटाउने र नियन्त्रण गर्ने कार्य संसदको अधिकार र सार्वभौमिकताको अपमान हो । कहिले प्रधानमन्त्रीको फेसबुकबाट, कहिले मन्त्रीको निर्णयबाट संसदबाट पारित बजेट माथि छेडछाड गर्ने कार्य कति विधिसङ्गत छ ?,' उनले प्रश्न गरे ।

उनले थप्दै भने, ' लोकतन्त्र, प्रेस स्वतन्त्रता र नागरिकहरुको सूचनाको हकका लागि अतुलनीय भूमिका खेलिरहेका सञ्चारमाध्यमलाई प्रोत्साहन गर्नुको सट्टा सामाजिक सञ्जाललाई नै अन्तिम सत्य ठान्ने प्रवृत्तिलाई लोकतन्त्रको लागि सङ्घर्ष गरेका ऐतिहासिक नेपाली छापा तथा सञ्चार माध्यमहरुको इतिहास र महत्त्व थाहा छैन भने एकपटक इतिहास अध्ययन गर्न म सरकारलाई आग्रह गर्न चाहन्छु ।'

उनले सरकारको सामाजिक सञ्जाललाई मात्र सूचनाको अन्तिम स्रोत मान्ने प्रवृत्तिप्रति प्रश्न उठाउँदै नेपाली छापा सञ्चारमाध्यमको ऐतिहासिक भूमिका र महत्त्वलाई बेवास्ता नगर्न आग्रह गरे ।

'त्यसैले लोक कल्याणकारी विज्ञापनलाई कटौती गर्ने संशोधित कार्यविधि तत्काल खारेज गरियोस् । रकम घटाउने होइन समय अनुकूल वृद्धि गरियोस् । निजी सञ्चार माध्यमलाई सरकारी विज्ञापनबाट निषेध गर्ने सरकारी निर्णय सम्मानित सर्वोच्च अदालतले खारेज गरिसकेको सन्दर्भमा सरकार सरकारी विज्ञापन वितरण प्रणालीलाई पारदर्शी र प्रभावकारी र सम्मान ढङ्गले चाहिं अगाडि बढाओस् भन्न चाहन्छु,' उनले भने ।

# ग्राहक कुट्ने होटल सञ्चालकलाई छाडेपछि प्रहरीमाथि उठ्यो प्रश्न

**टुडे समाचारदाता**

रौतहट । बारा निजगढमा सामान्य विवादमा ग्राहक कुटने एक होटल सञ्चालकलाई पक्राउ गरेपनि छाडेपछि प्रहरीको भूमिकामाथि पिडीत पक्षले के कारण छाडेको हो भन्ने प्रश्न उठाएका छन् ।

प्रहरीले होटल सञ्चालकमाथि अभद्र व्यवहारसम्बन्धी मुद्दा दर्ता गरी पक्राउ गरे पनि सोही राति उनलाई छाडेका हुन् ।




निजगढस्थित एक लाइन होटलका सञ्चालक विनोद घिसिङले मंगलबार राति खाना खान पुगेका दुई ग्राहकलाई मरणासन्न हुने गरी कुटपिट गरेको आरोप लागेको छ । घटनामा पदमकुमार तिमल्सिनाको मुख, नाक तथा अनुहारमा चोट लागेको र अर्का रामु नामले चिनिने चालकको टाउकोमा गम्भीर चोट लागेको पीडित पक्षको भनाइ छ ।

घटनाको भोलिपल्ट बुधबार तिमल्सिनाको नामबाट इलाका प्रहरी कार्यालय निजगढमा अभद्र व्यवहारसम्बन्धी निवेदन दर्ता गरिएको थियो। प्रहरीले त्यसपछि होटल सञ्चालक घिसिङलाई पक्राउ गरेको थियो ।

तर पक्राउ परेको केही घण्टामै उनलाई स्वास्थ्यमा समस्या देखिएको भन्दै प्रहरीले जिम्मा लगाएर छाडेको पीडित पक्षले जनाएको छ। प्रहरीका अनुसार घिसिङको प्रेसर हाई भएपछि सरकारी वकिल कार्यालयको सल्लाह अनुसार सम्बन्धित व्यक्तिको जिम्मा लगाएर छाडिएको हो ।

इलाका प्रहरी कार्यालय निजगढका प्रहरी निरीक्षक दाताराम अधिकारीले मुद्दा दर्ता भएको स्वीकार गर्दै स्वास्थ्य अवस्था असहज भएपछि जिम्मा लगाएर छाडिएको बताए। उनले आवश्यक परे जुनसुकै बेला पुनः पक्राउ गरी थप अनुसन्धान गर्न सकिने बताए ।

यद्यपि, आरोपीलाई पक्राउ गरेको राति नै छाडिएपछि घटनाले प्रहरीको अनुसन्धान प्रक्रियामाथि प्रश्न उठाएको छ। विशेषगरी गम्भीर चोटपटकसहित दुई व्यक्ति घाइते भएको दाबी गरिएको घटनामा आरोपीलाई हिरासतमा नराखी जिम्मा लगाउनुको निर्णयबारे पीडित पक्षले असन्तुष्टि जनाएको छ ।

एक स्रोतका अनुसार घिसिङ नेकपा एमाले निकट केन्द्रीय सदस्यसमेत हुन्। पक्राउपछि राजनीतिक तथा होटल व्यवसायी क्षेत्रबाट प्रहरीमाथि दबाब परेको दाबी स्रोतको छ। यद्यपि, प्रहरीले भने कुनै राजनीतिक वा बाह्य दबाबका कारण आरोपीलाई छाडिएको पुष्टि गरेको छैन र स्वास्थ्य अवस्थालाई कारणका रूपमा उल्लेख गरेको छ ।

घटनाको अर्को महत्वपूर्ण पक्ष भनेको सार्वजनिक होटल तथा रेस्टुरेन्टमा ग्राहकको सुरक्षासँग जोडिएको छ। सामान्य भनाभन वा विवादकै क्रममा ग्राहक गम्भीर रूपमा घाइते हुने अवस्था आउनु र पक्राउ परेका आरोपी तत्कालै छुट्नुले स्थानीय उपभोक्तामाझ होटल तथा रेस्टुरेन्टको सुरक्षा व्यवस्थाबारे प्रश्न खडा गरेको छ ।

अब प्रहरीले घटनाको निष्पक्ष अनुसन्धान कसरी अघि बढाउँछ, घाइतेको उपचार तथा मेडिकल रिपोर्टले के देखाउँछ र आरोपीलाई पुनः पक्राउ गरी कानुनी प्रक्रिया अघि बढाइन्छ वा बढाइँदैन भन्ने विषय महत्वपूर्ण बनेको छ ।

# आगलागीमा लाखौंको क्षति



**टुडे समाचारदाता**

वीरगञ्ज । विद्युत् सर्ट भई बाराको कलैया उपमहानगरपालिका-११ मा आगलागी हुँदा करिब ५ देखि ७ लाख रुपैयाँ बराबरको भौतिक तथा चौपाया क्षति भएको छ।

जिल्ला प्रहरी कार्यालय बाराका अनुसार स्थानीय हनुमान प्रसाद साहको घरमा बुधबार राति करिब १ बजेको समयमा अकस्मात् विद्युत् सर्ट भई आगलागी भएको हो।

रातिको समयमा अचानक सुरु भएको आगोका कारण घरमा बाँधिएका पशुचौपाया जलेको बताइएको छ । आगलागीमा परी साहको एउटा बाछो, एउटा भैंसीको पाडो र दुईवटा बाख्राको जलेर मृत्यु भएको प्रहरीले जनाए ।

प्रारम्भिक अनुसन्धान तथा क्षतिको विवरण संकलनका क्रममा करिब ५ देखि ७ लाख रुपैयाँ बराबरको नोक्सानी भएको देखिएको छ। घटनाको जानकारी पाउनासाथ प्रहरी टोली खटिएर आगो नियन्त्रणमा लिएको थियो ।

घटनाका सम्बन्धमा आवश्यक थप अनुसन्धान कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

# मानसिक पीडा सम्बोधन गर्न मनोसामाजिक परामर्श आवश्यक

काठमाण्डु । विपद्बाट प्रभावित व्यक्तिमा देखिने शोक, तनाव, डर तथा मानसिक आघातको असर कम गराउन मानसिक स्वास्थ्य र मनोसामाजिक सहयोगलाई निरन्तरता दिनुपर्ने चिकित्सकहरूले बताउनुभएको छ।

दैवी विपत्तिबाट आफन्त गुमाएका तथा अझै आफन्तको अवस्थाबारे अनिश्चित रहेका व्यक्तिमा मानसिक तनाव र आघातको असर देखिइरहेकाले राहत तथा पुनःस्थापनासँगै मानसिक स्वास्थ्य सेवालाई निरन्तरता दिनुपर्ने चिकित्सकहरूले बताएका हुन् ।




मानसिक अस्पताल लगनखेलका प्रमुख कन्सल्टेन्ट साइक्याट्रिस्ट डा सुरज तिवारीले विपद्बाट प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा प्रभावित सबैलाई मनोसामाजिक परामर्श आवश्यक पर्ने बताउनुभयो ।

"आफ्नो भावना व्यक्त गर्नु, कठिन अवस्थामा आफूलाई लागेको कुरा अरूलाई भन्नु, रुनु कमजोरी होइन," उहाँले भन्नुभयो, "घटना सबै बिर्सिने भन्ने हुँदैन । तर विस्तारै दैनिक जीवनमा फर्कने प्रयास गर्दा त्यस घटनाको स्मृतिबाट मन केही टाढिँदै जान्छ ।"

डा तिवारीले वर्तमानमा फर्कने प्रयास, पर्याप्त रातिको निद्रा र क्रमशः दैनिक गतिविधिमा फर्कने अभ्यासले चिन्ता, तनाव तथा आघातको पीडा कम गर्न सहयोग पुग्ने बताउनुभयो ।

मानसिक पीडा कम गर्न मदिरा वा लागुऔषधको सहारा लिन नहुने उहाँको सुझाव छ । "धैर्य राख्ने र जीवनप्रति सकारात्मक सोच राख्ने प्रयास गर्नुपर्छ । गुमाइसकेको कुरामा मात्र केन्द्रित हुनुभन्दा परिस्थितिलाई स्वीकार गर्दै अगाडि बढ्ने प्रयास गर्नुपर्छ," उहाँले भन्नुभयो ।

मानसिक रोग विशेषज्ञ डा ऋषभ कोइरालाले विपद्बाट उत्पन्न आघात व्यक्तिपिच्छे फरक हुने बताउनुभयो । विशेषगरी आफन्त गुमाएका तथा बेपत्ता भएका परिवारमा शोकसँगै भविष्यप्रतिको अन्योलले मानसिक पीडा थप जटिल बनाउन सक्ने उहाँको भनाइ छ ।

बेपत्ता व्यक्तिको शव फेला नपरेको अवस्थामा मृत्यु स्वीकार गर्ने कि अझै खोजीबाट भेटिने आशा राख्ने भन्ने द्विविधाले परिवारलाई लामो समयसम्म मानसिक पीडामा राख्न सक्ने उहाँले बताउनुभयो ।

"ठूलो आघातपछि घटना स्वीकार गरेर पीडा सहँदै अगाडि बढ्ने बाटो खोज्न सकिन्छ । तर स्पष्टता नहुँदा मानिसलाई निकै गाह्रो हुन्छ," डा कोइरालाले भन्नुभयो । उहाँले प्रभावितको अवस्था बुझेर उनीहरूको कुरा सुन्नुपर्नेमा जोड दिनुभयो ।

"सुरुमा उहाँहरूको अवस्था कस्तो छ भनेर बुझ्नुपर्छ । उहाँहरूको कुरा सुनिदिनुपर्छ। अनावश्यक सल्लाह दिनुभन्दा उहाँहरूलाई आफ्ना भावना बिना रोकटोक व्यक्त गर्न दिनुपर्छ," उहाँले भन्नुभयो ।

खानपान, निद्रा तथा दैनिक गतिविधिमा असर पर्न थालेमा आवश्यकताअनुसार मनोसामाजिक परामर्श तथा मानसिक स्वास्थ्य उपचार उपलब्ध गराउनुपर्ने चिकित्सकहरूको सुझाव छ ।

सरकारले बाढी आएको सुरुआती दिनदेखिनै प्रभावित क्षेत्रमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा दिँदै आएकोमा हाल रसुवा, धादिङ, नुवाकोट, गोरखा, चितवन र सिन्धुपाल्चोकलगायत प्रभावित जिल्लामा दैनिक चार सयदेखि छ सय जनाले यस्तो परामर्श लिइरहेका छन् ।

स्वास्थ्यसेवाविभागअन्तर्गतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडिसिडी)को मानसिक स्वास्थ्य शाखाका अनुसार बाढीपछि प्रभावित समुदायमा डर, तनाव, दुःख, आघातलगायतका मानसिक स्वास्थ्यसम्बन्धी समस्या देखिएपछि सरकारी निकाय तथा साझेदार संस्थासँगको समन्वयमा मनोसामाजिक सहयोग सञ्चालन गरिएको छ ।

इडिसिडीको मानसिक स्वास्थ्य शाखा प्रमुख डा पोमावती थापाका अनुसार बाढी प्रभावित क्षेत्रमा १४७ जना स्थलगत मानसिक स्वास्थ्य सेवा प्रदायक परिचालन गरिएको छ । टोलीमा एक जना मनोचिकित्सक, एक जना मनोवैज्ञानिक तथा १४५ जना परामर्शदाता रहेका छन् ।

प्रभावितलाई व्यक्तिगत तथा सामूहिक दुवै प्रकारको परामर्श उपलब्ध गराइएको छ। हाल त्रिवि शिक्षण अस्पताल, लगनखेल मानसिक अस्पताल तथा कान्ति बाल अस्पतालमा आवश्यक सेवा उपलब्ध गराउने व्यवस्था छ ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले बालबालिका, किशोरकिशोरी तथा प्रभावित परिवारलाई लक्षित गरी समूह परामर्श तथा उपचारात्मक मनोसामाजिक गतिविधि सञ्चालन भइरहेको बताउनुभयो ।

उहाँले समुदायस्तरमा मानसिक स्वास्थ्य सेवा विस्तार गर्ने, मृत्यु भएका वा बेपत्ता भएका व्यक्तिका आफन्त तथा साथीलाई थप मानसिक स्वास्थ्य सहयोग उपलब्ध गराउने तथा रसुवा र नुवाकोटका स्थानीय तहमा मानसिक स्वास्थ्यसम्बन्धी आवश्यकताको मूल्याङ्कन गर्ने योजना रहेको जानकारी दिनुभयो । मानसिक स्वास्थ्य शाखाका अनुसार प्रभावित क्षेत्रमा एक १४७ जना मानसिक स्वास्थ्य सेवा प्रदायक परिचालन गरिएको छ । जसमा एक जना मनोचिकित्सक, एक जना मनोवैज्ञानिक र १४५ जना परामर्शदाता छन् ।

"गाँस, बास र कपासको व्यवस्था होला, तर मानसिक तनाव आफैँ जानेवाला छैन । द्वन्द्वकालमा भोगेको पीडा अझै कतिपयमा देखिन्छ भने अहिलेको विपद्को पीडा पनि वर्षौंसम्म रहन सक्छ," डा कोइरालाले भन्नुभयो, "त्यसैले प्रभावितको मानसिक अवस्थालाई पनि उद्धार तथा पुनःस्थापनासँगै सम्बोधन गर्दै लैजानुपर्छ ।" रासस

# बाढी बेपता प्राधिकरण कर्मचारीले राहत पाउने




**टुडे समाचारदाता**

काठमाण्डू । नेपाल विद्युत् प्राधिकरणलेरसुवाकोभोटेकोशीबाढीमा बेपत्ता भएका कर्मचारी र कामदारको परिवारका लागि तात्कालीन राहत प्याकेज घोषणा गरेको छ।

बाढीबाट १३ वटा जलविद्युत् आयोजनामा क्षति भएको छ भने थुप्रै आयोजनाको कर्मचारी र कामदारहरू बेपत्ता छन् । प्राधिकरण अन्तर्गत मात्रै ४७ जना कर्मचारी र कामदारको बेपत्ता रहेका छन् ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराज भक्त श्रेष्ठको अध्यक्षतामा बसेको प्राधिकरण सञ्चालक समितिको बैठकले बेपत्ता भएका कर्मचारीरकामदारका आश्रित परिवारलाई बेपत्ता खोजी कार्य गर्न, आफ्नो कुल धर्म अनुसारको सामाजिकसंस्कारगर्नरजिवनयापन गर्नको लागि राहत उपलब्ध गराउने निर्णय गरेको सञ्चालक समिति सदस्य अंशुकिरण शाहीले बताए ।

उनका अनुसार राहतको पहिलो प्याकेजमा तत्कालका लागि राहतस्वरूप बेपत्ता भएका स्थायी कर्मचारी, ज्यालादारी तथा सेवा करारका कामदारको नजिकको हकवालालाई प्रति कर्मचारी रु ५० हजार उपलब्ध गराउने निर्णय भएको छ ।

दोस्रोमा स्थायी कर्मचारीकोनजिककोहकवालालाई प्राधिकरणबाट के कति क्षतिपूर्ति वा के रकम दिने भन्ने सम्बन्धमा अर्को निर्णय नभएसम्मका लागि वा भदौदेखि बढीमा ६ महिनाका लागि बेपत्ता भएका स्थायी कर्मचारीको नजिकको हकवालालाई बेपत्ता कर्मचारीको तहको सुरु तलब स्केलको ५० प्रतिशत रकम निर्वाहस्वरूप उपलब्ध गराउने निर्णय भएको छ ।

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : स्वास्थ्यमा केही उतारचढाव आउन सक्छ, खानपानमा विशेष ध्यान दिनुहोला ।
वृष : सामाजिक क्षेत्रमा मानप्रतिष्ठा बढ्नेछ ।
मिथुन : पुराना रोकिएका कामहरु सम्पन्न गर्नका लागि आजको दिन उपयुक्त छ।
कर्कट : सन्तान पक्षबाट सुखद् समाचार सुन्न पाइनेछ ।
सिंह : जग्गाजमप वा घरसम्बन्धी काममा केही ढिलासुस्ती हुन सक्छ ।
कन्या : पराक्रम र आत्मविश्वास उच्च रहनेछ ।
तुला : आर्थिक कारोबार गर्दा र कसैलाई धन भिलत गर्दा विशेष ध्यान दिनुहोला ।
वृश्चिक : तपाईको व्यक्तित्वमा निखार आउनेछ र समाजका मानिसहरु तपाईप्रति आकर्षित हुनेछन् ।
धनु : धार्मिक वा आध्यात्मिक कार्यमा रुचि बढ्नेछ ।
मकर : विभिन्न स्रोतहरुबाट आकस्मिक धन लाभ हुने प्रबल योग रहेको छ ।
कुम्भः व्यापार व्यवसाय र करिरियरको क्षेत्रमा ठुलो सफलता हात पार्ने दिन छ ।
मीनः भाग्यले साथ दिनेछ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

नेपाल रेल्वको समय तालिका

जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# सिक्री चोरी आरोपमा एक युवक पक्राउ



**टुडे समाचारदाता**

राजविराज। कृष्ण जन्माष्टमीको अवसरमा सप्तरीको राजविराजमा आयोजित रथ यात्राका क्रममा सुनको सिक्री चोरी गरेको आरोपमा एक युवक पक्राउ परेका छन्। पक्राउ पर्नेमा बाराको बारागढी गाउँपालिका-३ सिपुरा टोल बस्ने २५ वर्षीय निरज कुमार राय रहेका छन्।

सप्तरी प्रहरीका अनुसार गत भदौ २० गते कृष्ण जन्माष्टमीका अवसरमा राजविराज नगरपालिका-८ स्थित राधाकृष्ण मन्दिरबाट निकालिएको रथ यात्रामा सहभागी राजविराज-१ बस्ने ३५ वर्षीय रोकी झाले घाँटीमा लगाएको २६.२४० ग्रामको सुनको सिक्री चोरी भएको थियो।

उक्त घटनापछि फरार रहेका रायलाई खोजतलास गर्ने क्रममा भदौ २९ गते बारा जिल्लाको बारागढी गाउँपालिका-३ सिपुरा टोलबाट पक्राउ गरिएको सप्तरी प्रहरीले जनाएको छ।

पक्राउ परेका रायलाई जिल्ला प्रहरी कार्यालय सप्तरीमा ल्याई झाको जाहेरीका आधारमा चोरी मुद्दा दर्ता गरिएको छ । सप्तरी जिल्ला अदालतबाट २९ गतेदेखि नै लागुहुने गरी ५ दिनको म्याद थप गरी घटनाबारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय राजबिराज सप्तरीका सूचना अधिकारी तथा प्रवक्ता प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेले जानकारी दिए।

# जेनजी आन्दोलनका शहीद र घाइते लक्षित व्यवस्था कार्यान्वयन नगर्न आदेश

**टुडे समाचारदाता**

जनकपुरधाम। जेनजी आन्दोलनका शहीद परिवार तथा घाइतेलाई लक्षित गरी आर्थिक ऐन, २०८३ मा गरिएको विशेष व्यवस्थालाई तत्काल कार्यान्वयन नगर्न सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गरेको छ।

प्रधानन्यायाधीश डा. मनोजकुमार शर्मा तथा न्यायाधीशहरू कुमार रेग्मी, डा. नहकुल सुवेदी, विनोद शर्मा र शारङ्गा सुवेदी सम्मिलित संवैधानिक इजलासले अधिवक्ता ज्ञानेन्द्रराज आरणले दायर गरेको रिटमाथि बुधबार सुनुवाइ गर्दै यस्तो आदेश दिएका हुन्।

आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्यमा जेनजी आन्दोलनका शहीद परिवार तथा घाइतेलाई लक्षित गरी राखिएका विशेष व्यवस्थाले अन्य आन्दोलनका शहीद, शहीद परिवार तथा घाइतेबीच विभेद हुने भन्दै दायर गरिएकोमा रिटमा आर्थिक ऐन, २०८३ तथा बजेट वक्तव्यका सम्बन्धित व्यवस्थाहरू संविधानविपरीत र विभेदकारी रहेको दाबी गर्दै तत्काल कार्यान्वयन रोक्न माग गरिएको थियो।




विभिन्न ऐतिहासिक जनआन्दोलन, संघर्ष तथा लोकतान्त्रिक आन्दोलनमा जीवन उत्सर्ग गर्ने शहीद, उनीहरूका परिवार र घाइतेबीच असमानता हुने गरी विवादित व्यवस्था कार्यान्वयन नगर्न आदेश दिइएको हो।

संविधानको प्रस्तावनामा ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई सम्मान गर्दै शहीद, बेपत्ता तथा पीडित नागरिकलाई सम्मान गर्ने भावना समेटिएको विषयलाई समेत अदालतले आदेशको आधार बनाएको छ।

सर्वोच्चले यसअघि विपक्षीहरूलाई रिट निवेदकको मागअनुसार आदेश जारी गर्नुपर्ने वा नपर्ने सम्बन्धमा आधार र कारणसहित लिखित जवाफ पेस गर्न आदेश दिइसकेको थियो । अब लिखित जवाफ प्राप्त भएपछि वा जवाफ पेस गर्ने अवधि समाप्त भएपछि रिटलाई नियमानुसार अघि बढाइने जनाइएको छ।

अदालतको पछिल्लो आदेश रिटको अन्तिम टुंगो नलाग्दासम्मका लागि मात्र लागू हुनेछ । अर्थात् सर्वोच्चले विवादित व्यवस्थाको संवैधानिक वैधताबारे अन्तिम फैसला भने गरिसकेको छैन।

# धनुषाका १२ स्थानीय तहको खाता अझै सञ्चालन हुन सकेन

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषाका १८ स्थानीय तहमध्ये १२ वटा स्थानीय तहको आर्थिक वर्ष २०८३/८४ सुरु भएको दुई महिना बितिसक्दा पनि अझै आर्थिक खाता सञ्चालनमा आउन सकेको छैन।

कोष तथा लेखा नियन्त्रक कार्यालय धनुषाका अनुसार भदौ ३१ गतेसम्म जिल्लाका मिथिला नगरपालिका, क्षिरेश्वरनाथ नगरपालिका, मिथिलाबिहारी नगरपालिका, धनुषाधाम नगरपालिका, कमला नगरपालिका, नगराइन नगरपालिका, हंसपुर नगरपालिका, सबैला नगरपालिका, शहिदनगर र विदेह नगरपालिका रहेका छन्।

यस्तै, बटेश्वर र मुखियापट्टी मुसहरनिया गाउँपालिकाको आर्थिक खातासमेत सञ्चालनमा आउन सकेको छैन भने जिल्लाका ६ वटा स्थानीय तहको मात्रै खाता सञ्चालनमा आएको छ।

खाता सञ्चालन भएका स्थानीय तहमा जनकपुरधाम उपमहानगरपालिका, गणेशमान चारनाथ नगरपालिका, लक्ष्मीनियाँ गाउँपालिका, जनकनन्दनी गाउँपालिका, धनौजी गाउँपालिका र औरही गाउँपालिका रहेका छन्।

कार्यालयका अनुसार बाँकी पालिकाले खाता सञ्चालनका लागि आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया पूरा गर्न नसकेकाले आर्थिक खाता सञ्चालनमा आउन सकेको छैन।

स्थानीय तहको आर्थिक खाता सञ्चालनका लागि गाउँसभा वा नगरसभाबाट बजेट पारित, विनियोजन ऐन, अख्तियारी, स्वीकृत वार्षिक कार्यक्रम तथा जिन्सी निरीक्षणलगायत प्रक्रिया पूरा गर्नुपर्ने कानुनी व्यवस्था छ। तर, बाँकी पालिकाले ती प्रक्रिया पूरा नगरेका कारण खाता सञ्चालनमा ढिलाइ भएको कार्यालयले जनाएको छ।

आर्थिक वर्ष सुरु भएको लामो समयसम्म खाता सञ्चालनमा नआउँदा ती स्थानीय तहका बजेट कार्यान्वयन, योजना सञ्चालन तथा भुक्तानी प्रक्रियामा समेत असर पर्ने देखिएको छ। स्थानीय तहले आवश्यक प्रक्रिया पूरा गरेपछि मात्रै आर्थिक कारोबार सञ्चालन गर्न सक्ने कोष तथा लेखा नियन्त्रक कार्यालयले जनाएको छ।

# फरार ७ प्रतिवादी पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । अदालतबाट विभिन्न मुद्दामा कैद तथा जरिवाना सजाय तोकिएपछि फरार रहेका ७ जना प्रतिवादीलाई धनुषा प्रहरीले पक्राउ गरेको छ।

जिल्ला अदालतको फैसला कार्यान्वयनअन्तर्गत विभिन्न मुद्दामा कैद तथा जरिवाना सजाय तोकिएका उनीहरूलाई जिल्ला प्रहरी कार्यालय धनुषा तथा मातहतका प्रहरी टोलीले खोजतलास गरी पक्राउ गरेको हो।

प्रहरीका अनुसार पक्राउ पर्नेहरूमध्ये एक जना लागुऔषध मुद्दामा ११ महिना कैद र ५ हजार रुपैयाँ जरिवाना तोकिएका व्यक्ति छन्।

त्यस्तै, लुटपिट मुद्दामा सजाय तोकिएका पाँच जनाबाट १७५ रुपैयाँदेखि ७३६ रुपैयाँसम्म




जरिवाना असुल गर्न बाँकी रहेको प्रहरीले जनाएको छ।

यस्तै, नागरिकता मुद्दामा २ वर्ष ६ महिना कैद सजाय तोकिएका एक जनालाई समेत प्रहरीले पक्राउ गरेको छ। पक्राउ गरिएका सबै ७ जना फरार प्रतिवादीलाई आवश्यक कानुनी कारबाहीका लागि धनुषा जिल्ला अदालतमा पठाइएको धनुषा प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालका अनुसार अदालतबाट फैसला भई कैद तथा जरिवाना तोकिएपछि फरार रहेका प्रतिवादीहरूको खोजी तथा पक्राउ अभियानलाई निरन्तरता दिइएको छ।

# साउथ प्वाईन्टले गरे एक लाख ५१ हजारको सहयोग

**टुडे समाचारदाता**

जनकपुरधाम । रसुवाको भोटेकोशी सहित विभिन्न नदी क्षेत्रमा आएको बाढीबाट प्रभावित तथा पीडित परिवारको सहयोगका लागि धनुषास्थित साउथ प्वाइन्ट इङ्लिस बोर्डिङ्ग स्कूल परिवारले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा १ लाख ५१ हजार रुपैयाँ सहयोग गरेका छन्।

विद्यालयमा कार्यरत शिक्षक, शिक्षिका तथा कर्मचारीहरुले आफ्नो तर्फबाट ७५ हजार ५ सय रुपैयाँ र विद्यालय परिवारको तर्फबाट थप ७५ हजार ५ सय रुपैयाँ गरी कुल १ लाख ५१ हजार रुपैयाँ सहयोग गरेको हो।

बाढी तथा विपद्बाट प्रभावित नागरिकको राहत तथा उद्धारमा सहयोग पुर्याउने उद्देश्यले उक्त रकम प्रधानमन्त्री राहत कोषमा प्रदान गरिएको विद्यालयले जनाएको छ।

विद्यालयका प्रिन्सिपल अजय यादवले सहयोग गर्ने शिक्षक, शिक्षिका तथा कर्मचार ीसहित सम्पूर्ण विद्यालय परिवारप्रति धन्यवाद ज्ञापन गरेका छन् । विपद्को समयमा पीडितलाई सहयोग गर्नु सामाजिक दायित्व भएको भन्दै विद्यालयले यस्ता मानवीय कार्यमा निरन्तर सहयोग गर्ने प्रतिबद्धता जनाएको छ।

# गाउँपालिका अध्यक्षले अधिकृतको हाजिरी काटेपछि चर्कियो विवाद

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको चन्द्रनगर गाउँपालिकाका अध्यक्षले आपसी विवादमा प्रमुख प्रशासकीय अधिकृतको हाजिरी काटिदिएका छन्।

गाउँपालिका अध्यक्ष राजकुमार महतोले कार्यालय उपस्थितिको विषयलाई लिएर चर्किएको विवादमा प्रमुख प्रशासकीय अधिकृत जयकिशोर साहको हाजिरी काटेका हुन्।

अध्यक्ष महतोले प्रमुख प्रशासकीय अधिकृत साह चालु आर्थिक वर्ष सुरु भएयता नियमित रूपमा कार्यालयमा उपस्थित नभएको आरोप लगाउँदै बुधबार उनको हाजिरी काटेपछि विवाद झन चर्केको छ। अध्यक्ष महतोका अनुसार साउन महिनामा साहको हाजिरी सात दिन मात्र रहेको छ । बाँकी दिनको हाजिरीमा 'काठमाडौं काज' उल्लेख गरिएको उनले बताए।

'यो हाम्रो कार्यकालको अन्तिम वर्ष हो । जनताका काम छिटो गर्नुपर्ने बेला प्रमुख प्रशासकीय अधिकृत नियमित रूपमा कार्यालयमा उपस्थित हुनुभएको छैन,' अध्यक्ष महतोले भने।

उनले गत आर्थिक वर्ष गाउँ गौरव आयोजनाका लागि विनियोजन गरिएको ९ करोड ४० लाख रुपैयाँ बजेट कर्मचारीकै



कारण खर्च हुन नसकेर फ्रिज भएको आरोपसमेत लगाए । तर, प्रमुख प्रशासकीय अधिकृत साहले भने आफू नियमित रूपमा कार्यालय नआएको भन्ने आरोप अस्वीकार गरेका छन्। उनले अध्यक्षसँगको विवाद असार मसान्तदेखि नै सुरु भएको बताए।

साहका अनुसार भदौ १० गते गाउँसभा सम्पन्न भए पनि बजेट तथा कार्यक्रम कानुनबमोजिम प्रमाणित नगरिएको विषयमा आफ्नो असहमति छ।

'गाउँसभा सम्पन्न भएको १५ दिनभित्र बजेट प्रमाणित गरी प्रमुख प्रशासकीय अधिकृतसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ,' साहले भने, 'त्यसपछि मात्रै अख्तियारी प्राप्त हुने र योजना कार्यान्वयन प्रक्रिया अघि बढ्ने हो।'

प्रमुख प्रशासकीय अधिकृत साहले बजेटमा प्रशासनिक खर्च कटौती गरिएको तथा बजेट तर्जुमा गर्दा कानुनी दिग्दर्शन पालना नगरिएको भन्दै अध्यक्षलाई ज्ञापनपत्रसमेत बुझाएको थियो।

आफू कार्यालयमा अनुपस्थित रहेको आरोप पनि उनले अस्वीकार गर्दै स्वास्थ्यमा समस्या भएका कारण केही समय नियमित रूपमा कार्यालयमा उपस्थित हुन नसकेको बताए। उनले भने जुन अनुपस्थित छु त्यसदिनको काट्दा हुन्छ तर भदौ २४ र २५ उपस्थित भएपनि त्यो दिनको पनि हाजिरी काटेका छन्।

अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतबीच देखिएको विवाद समाधानका लागि बुधबार जिल्ला प्रशासन कार्यालय सर्लाहीमा छलफल भएको थियो । छलफलपछि गाउँपालिकाको कार्यपालिका बैठक बोलाएर विवाद समाधानको पहल गर्ने निर्णय भएपनि विवाद उत्कर्षमै छ।

# जरिवाना र कैद सजायसहितको फोहोर व्यवस्थान कानून ल्याइदैं

**टुडे समाचारदाता**

जनकपुरधाम । सरकारले सार्वजनिक ठाउँमा जथाभावी फोहोर फाल्ने, स्रोतमा वर्गीकरण नगर्ने र फोहोर ढुवानी वा ल्याण्डफिल्ड साइटमा अवरोध पुऱ्याउनेलाई लक्षित गरी कडा सजाय र जरिवानाको कानूनी व्यवस्था ल्याउन लागेको छ।

प्रतिनिधिसभामा बिहीबार दर्ता गरिएको 'फोहोरमैला व्यवस्थापन विधेयक २०८३' अनुसार अब घर वा संस्थाबाट निस्कने फोहोर स्रोतमै वर्गीकरण नगरे ५ सयदेखि ५० हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

फोहोर ढुवानीमा हडताल गर्ने वा सिसडोल/बञ्चरेडाँडा जस्ता ल्याण्डफिल्ड साइटमा घेराउ र अवरोध पुऱ्याउनेविरुद्ध सरकार वादी हुने गरी मुलुकी फौजदारी कार्यविधि संहिता अनुसार मुद्दा चलाएर ३ महिनासम्म कैद वा ५० हजार रुपैयाँसम्म जरिवाना गरिनेछ।

पूर्वाधार विकासमन्त्री सुनिल लम्सालद्वारा प्रस्तुत विधेयकले हस्पिटल र उद्योगको जोखिमयुक्त फोहोर जथाभावी फालेमा १ लाख रुपैयाँसम्म जरिवाना र अनुमतिपत्र नै रद्द गर्नेसम्मको कडा कानूनी डण्डा चलाउने प्रावधान अघि सारेको छ।

विधेयकमा फोहोरमैला व्यवस्थापन सम्बन्धी नियम उल्लंघन गर्ने व्यक्ति, संस्था वा उद्योगहरूका लागि स्पष्ट र कडा जरिवानाको व्यवस्था गरिएको छ । यदि कुनै आम नागरिक वा घरपरिवारले घरबाट निस्कने फोहोरलाई कुहिने, नकुहिने र जोखिमयुक्त गरी स्रोतमै नछुट्याइ मिसाएर निष्कासन गरेमा प्रत्येक पटक ५ सय रूपैयाँ जरिवाना हुनेछ।

त्यसैगरी, कुनै संस्था वा व्यावसायिक निकायले स्रोतमा फोहोर नछुट्याइ मिसाएर फालेमा प्रत्येक पटक ५० हजार रूपैयाँसम्म जरिवाना गरिने कानूनी प्रावधान राखिएको छ। घर, कम्पाउण्ड वा परिसरको फोहोर सडक तथा सार्वजनिक ठाउँमा फालेमा वा खुला रूपमा जलाएमा पहिलोपटकका लागि ५ हजारदेखि १५ हजार रूपैयाँसम्म जरिवाना हुनेछ।

सोही कसुर दोहोऱ्याएमा दोस्रोपटक ५ हजारदेखि १० हजार रुपैयाँ र तेस्रोपटक वा




सोभन्दा बढी गरेमा प्रत्येक पटक १५ हजार रूपैयाँका दरले जरिवाना गरी फोहोर उठाउँदा लागेको खर्चसमेत असुल गरिनेछ । सडक सफा गर्ने समयमा सवारी साधन रोकी सफाइ कार्यमा बाधा पुऱ्याउने व्यक्तिलाई १ हजारदेखि ५ हजार रूपैयाँसम्म जरिवाना गरिनेछ।

सार्वजनिक स्थानमा राखिएको डस्टबिन तोडफोड गरेमा, क्षति पुऱ्याएमा वा अनुमति नलिई व्यावसायिक रूपमा फोहोर व्यवस्थापनको काम गरेमा १५ हजारदेखि ५० हजार रूपैयाँसम्म जरिवाना गरी नोक्सानीको क्षतिपूर्तिसमेत असुल गरिनेछ।

अस्पतालजन्य फोहोर, रासायनिक, औद्योगिक वा विद्युतीय जोखिमयुक्त फोहोर तोकिएको ठाउँबाहेक अन्यत्र फालेमा ५० हजारदेखि १ लाख रूपैयाँसम्म जरिवाना हुनेछ भने सोही कसुर दोहोऱ्याएमा दोब्बर जरिवाना गरी अनुमतिपत्र रद्द गर्न सम्बन्धित निकायमा लेखी पठाइनेछ।

फोहोर संकलन तथा ढुवानीमा बाधा पुऱ्याउने, ल्याण्डफिल्ड साइटमा घेराउ वा बन्द गर्ने र फोहोर व्यवस्थापनमा हडताल गर्ने व्यक्ति वा समूहलाई प्रमुख जिल्ला अधिकारीले १० हजारदेखि ५० हजार रूपैयाँसम्म जरिवाना वा १५ दिनदेखि ३ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछन्। यस्ता कसुरहरूमा नेपाल प्रहरीले अनुसन्धान गरी सरकारी वकिलले मुद्दा दायर गर्ने र मुद्दा नेपाल सरकारवादी हुने व्यवस्था गरिएको छ।

प्रतिबन्धित वस्तुको आयात, उत्पादन वा बिक्री गरेमा ५० हजारदेखि १ लाख रूपैयाँसम्म जरिवाना वा ३ महिनासम्म कैद हुनेछ भने समयावधि सकिएको रासायनिक विषादी नष्ट नगर्ने उत्पादक वा पैठारीकर्तालाई १० लाख रूपैयाँसम्म जरिवाना गरी विसर्जन खर्च असुल गरिनेछ।

स्थानीय तहले तोकेको दायित्व पूरा नगर्ने, फोहोर नछुट्याउने वा सेवा शुल्क नबुझाउने व्यक्ति वा संस्थाको फोहोर उठाउने सेवा स्थानीय तहले रोक्न वा बन्द गर्न सक्नेछ।

सेवा रोक्का भएमा सम्बन्धित व्यक्ति वा संस्था आफैंले तोकिएको मापदण्ड अनुसार फोहोर व्यवस्थापन गर्नुपर्नेछ । प्रमुख जिल्ला अधिकारी वा स्थानीय तहले गरेको सजायको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्ने छ।

तीनै तहका सरकारको कार्यविभाजन

नेपाल सरकार मन्त्रिपरिषद्को २०८३ भदौ २५ गतेको निर्णयअनुसार प्रस्तुत विधेयकले संविधानको धारा ३० र धारा ३५ बमोजिम तीनै तहका सरकारको भूमिका स्पष्ट पारेको छ। संघीय सरकारले फोहोरमैला व्यवस्थापनका लागि आवश्यक राष्ट्रिय मापदण्ड बनाई लागू गर्नेछ।

संघीय सरकारले राष्ट्रिय फोहोरमैला डाटाबेस, जिओग्राफिकल इन्फरमेसन सिस्टम नक्सांकन सहितको ट्र्याकिङ प्रणाली र नागरिकका लागि डिजिटल गुनासो व्यवस्थापन प्रणाली स्थापना गर्नेछ । उत्कृष्ट कार्यसम्पादन गर्ने स्थानीय तहहरूलाई संघीय सरकारले अनुदानमा बढोत्तरी तथा थप प्रोत्साहन प्रदान गर्नेछ।

दुई वा सोभन्दा बढी स्थानीय तहको एकीकृत फोहोर व्यवस्थापन योजना तयार गर्न सहयोग गर्ने र फोहोरबाट उत्पादित ऊर्जाको तोकिएको न्यूनतम् मूल्यमा खरिद सुनिश्चित गर्ने जिम्मेवारी संघीय सरकारको हुनेछ।

प्रदेश सरकारले आफ्नो प्रदेशभित्रका स्थानीय तहहरूबीच आवश्यक समन्वय र सहकार्य गराउनेछ । प्रदेश सरकारले प्रदेशस्तरीय ठूला फोहोर प्रशोधन केन्द्रहरूको विकास गर्नेछ । यसका साथै, स्थानीय तहका सम्बद्ध निकायहरूको संस्थागत तथा प्राविधिक क्षमता अभिवृद्धि गर्ने र असल अभ्यासहरूको अनुभव आदान-प्रदान गराउने जिम्मेवारी प्रदेश सरकारको हुनेछ।

**प्रोत्साहन र सामाजिक सुरक्षा**


विधेयकमा फोहोर व्यवस्थापनलाई आधुनिक, वातावरणमैत्री र श्रमिकमैत्री बनाउन विशेष सुविधाहरू समावेश गरिएका छन्। तोकिएको मापदण्ड पूरा गर्ने बस्ती, वडा, पालिका, विद्यालय वा पर्यटकीय क्षेत्रलाई शून्य फोहोर क्षेत्र घोषणा गरी विशेष अनुदान दिइनेछ।

सरकारी निकायहरूले खरिद गर्दा पुनः प्रयोगयोग्य र वातावरणमैत्री सामग्रीलाई प्राथमिकता दिनुपर्ने हरित सार्वजनिक खरिद नियम लागू हुनेछ। फोहोरबाट मल, ऊर्जा वा कच्चा पदार्थ उत्पादन गर्ने संस्थालाई कर छुट, अनुदान र सहुलियतपूर्ण ऋण उपलब्ध गराइनेछ।

फोहोर पुनः प्रयोग हुने सामग्री ढुवानी गर्दा स्थानीय तहले कुनै पनि निकासी वा कवाडी कर लगाउन पाउने छैनन् । जथाभावी फोहोर फाल्ने विरुद्ध प्रमाणसहित उजुरी दिने नागरिकलाई स्थानीय तहले नगद पुरस्कार वा सम्मान प्रदान गर्नेछ।

फोहोर व्यवस्थापनमा काम गर्ने श्रमिकहरूलाई व्यक्तिगत सुरक्षा पोसाक, उपयुक्त औजार र तालिम अनिवार्य रूपमा दिनुपर्नेछ । उनीहरूलाई अनिवार्य रूपमा स्वास्थ्य बीमा र सामाजिक सुरक्षा कोषमा आबद्ध गराउनुपर्नेछ।





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# सुरक्षा निगरानी बढ्नु सकारात्मक

नेपालमा नक्कली नोटको कारोबार, श्रोत नखुलेको रकमको कारोबार, तस्करी, लागुऔषध ओसारपसारको धन्धालाई नियन्त्रण गर्न सुरक्षा निकायले निगरानी बढाएको छ। सीमावर्ती क्षेत्रमा हुने अवैध धन्धा रोक्न सुरक्षा निकायले सकृयता बढाउँदा अहिले दिनदिनै भारी मात्रामा अवैध समान र ठूलो परिमाणमा नगद बरामद हुन थालेको छ। धनुषा जिल्लाको कुख्यात तस्कर मानिएको हिरादेवी महासेठ(चाची) लाई भारतीय सुरक्षाकर्मीले नक्कली भारतीय नोट सहित पक्राउ गरेको छ । उनका श्रीमानलाई पहिले नै भारतीय सुरक्षाकर्मीले पक्राउ गरेको थियो। उनी नक्कली नोट, लागुऔषध, विभिन्न मालसामान तस्करी गर्ने गराउने ठूलो गिरोह समेत सञ्चालन गरेको भारतीय सुरक्षा अधिकारीहरुको कथन छ। नेपाल र भारतमा एकै पटक सुरक्षा निगरानी बढाइएसँगै विभिन्न किसिमको अवैध धन्धा गर्नेहरु पक्राउ पर्न थालेका छन्। सीमावर्ती क्षेत्रमा भइरहेको तस्करीले दुवै देशमा सुरक्षाकर्मीहरुका लागि सुरक्षा चुनौति बढाएको छ। भारतबाट लागुऔषध सहित, नेपाली रुपैयाँ, भारतीय नक्कली रुपैयाँ, लत्ताकपडा लगायतका कयौं समानहरु तस्करी भएर नेपाल आउने गरेको छ। नेपालबाट मदिरा, गाँजा, नक्कली मुद्रालगायत भारत तर्फ जाने गरेको छ। दुई देशका सुरक्षा अधिकारीहरुले पटक पटक बैठक गरेर अवैध धन्धा नियन्त्रण गर्ने निर्णय गर्दै आएका छन्। तर तस्करहरुले आफ्नो धन्धा रोकेको देखिदैन। तस्करीलाई नियन्त्रण गर्न दुवै देशमा थालिएको प्रयास अत्यन्त सकारात्मक परिणाम देखाएको छ। भारतबाट आउने नेपाली मुद्रा सक्कली र नक्कली दुबै किसिमको हुने गरेको छ। नेपाली उपभोक्ताहरुले सीमावर्ती भारतीय बजारमा सक्कली नेपाली मुद्रामा कारोबार गर्छन्। त्यो रुपैया पुनःनेपाल फर्किन्छ। तर त्यसको आधिकारिक स्रोत हुँदैन। सक्कली नोट भएपनि स्रोत प्रष्ट नभएपछि प्रहरीले त्यसलाई अवैध मुद्रा ठहर गरी बरामद गर्छन्। अर्को नेपाली नक्कली नोट पनि भारतबाट तस्करहरुले ल्याउने गर्छन्। त्यसलाई पनि प्रहरीले निगरानी गरी बरामद गर्छन्। भारतीय नक्कली नोट पनि प्रहरीले बरामद गर्छन्। विगतमा रौतहट, बारा र पर्सा जिल्ला तर्फबाट नक्कली नोटको कारोबार अत्यधिक हुने गरेको थियो। त्यसपछि सर्लाहीबाट पनि नक्कली नोटको धन्धा फस्टाएको थियो। सुरक्षाकर्मीहरुको निगरानी बढेको र सीमानाका क्षेत्रमा कडाई गरिएपछि छोटो समयमै धेरै कमि आएको छ। नगद लगायत विभिन्न अवैध मालसामान बरामद र केही मानिसहरु समेत पक्राउ परेका छन्। यो अभियानलाई सुरक्षा निकायले अझ प्रभावकारी बनाउँदै जानु पर्छ। सर्वसधारणलाई असहज नहुने गरी सीमा क्षेत्रमा निगरानी बढाउन थालिएकोलाई सकारात्मक रुपमा लिएको छ। भारतीय सुरक्षानिकायले पनि नेपाल तर्फ हुने लागुऔषध लगायतको तस्करीलाई नियन्त्रण गर्न अझ प्रभावकारी अभियान सञ्चालन गर्न आवश्यक छ। हाल सुरक्षा निकायले बढाइएको निगरानी अत्यन्त सकारात्मक छ।

# उत्तरी सीमामा चीनको विकास, नेपालको मौनता र बढ्दो प्राकृतिक जोखिम



● अनिल तिवारी

नेपाल र चीनबीचको सम्बन्ध केवल दुई छिमेकी मुलुकबीचको कूटनीतिक सम्बन्ध मात्र होइन; यो हिमालय, तिब्बत, सीमासुरक्षा, व्यापार, पूर्वाधार, वातावरण र नेपालको रणनीतिक स्वार्थसँग जोडिएको संवेदनशील विषय पनि हो। पछिल्लो दशकमा नेपालका राजनीतिक दलहरूले भारतसँगको सम्बन्धमा दबाब सिर्जना गर्न चीनसँगको सम्बन्धलाई रणनीतिक विकल्पका रूपमा प्रस्तुत गरे। चीनबाट रेल ल्याउने सपना, उत्तरी नाका विस्तार गर्ने योजना, केरुङ-काठमाडौं रेलमार्गको चर्चा तथा चिनियाँ पूर्वाधार सहयोगप्रतिको उत्साह, यसै राजनीतिक मनोविज्ञानका अभिव्यक्ति हुन्।

समस्या चीनसँग सम्बन्ध विस्तार गर्नुमा होइन। समस्या के हो भने, राष्ट्रिय हितको स्पष्ट मूल्यांकन नगरी कुनै पनि शक्तिराष्ट्रप्रति राजनीतिक आकर्षण र भक्तिभाव देखाउनुमा छ। चीनले तिब्बतमा पछिल्ला वर्षहरूमा सडक, रेल, विमानस्थल, जलविद्युत्, ऊर्जा तथा सीमा क्षेत्रमा पूर्वाधार विस्तारलाई तीव्रता दिएको छ। चीनका लागि यी परियोजना आर्थिक विकास, क्षेत्रीय पहुँच र सीमासुरक्षासँग सम्बन्धित हुन सक्छन्। तर नेपालको दृष्टिकोणबाट भने हिमालयको कमजोर भौगोलिक संरचनामा भइरहेको तीव्र निर्माणले पार्ने वातावरणीय तथा विपद् जोखिमलाई बेवास्ता गर्न मिल्दैन।

विशेषगरी नेपाल-चीन सीमासँग जोडिएका हिमाली क्षेत्रमा सडक विस्तार, सुरुङ, जलविद्युत् आयोजना, बाँध तथा अन्य भौतिक संरचना निर्माण हुँदा त्यसको प्रभाव सीमापारि नेपालमा पर्न सक्छ। पहिरो, हिमताल विस्फोट, नदीको बहावमा परिवर्तन, आकस्मिक बाढी तथा भूक्षयजस्ता जोखिम कुनै राजनीतिक सीमाले रोक्दैनन्। एउटा देशमा गरिएको वातावरणीय हस्तक्षेपको परिणाम अर्को देशको बस्ती, खेतीयोग्य जमिन, सडक, पुल र जलविद्युत् संरचनासम्म आइपुग्न सक्छ।चिनको हिमाली भूभागमा उदग्म भएका नदिहरु नेपाल हुदै भारतको कतिपय राज्य भएर समुन्द्रमा बिलय हुने गरेका छन नेपालमा आउने बाढीले भारतलाई समेत बगाउने गरेको छ।

यसैकारण नेपालले उत्तरी सीमामा भइरहेका ठूला पूर्वाधार परियोजनाबारे केवल 'चीनको विकास' भनेर ताली बजाएर पुग्दैन। प्रत्येक परियोजनाको सम्भावित सीमापार प्रभावबारे वैज्ञानिक अध्ययन, वातावरणीय मूल्यांकन र सूचना आदान प्रदानको माग गर्नुपर्छ।


रसुवा लगायत हिमाली क्षेत्रमा भएका विनाशकारी बाढी तथा पहिरोका घटनाले यो प्रश्नलाई अझ गम्भीर बनाएका छन्।

यस्ता विपद्का हरेक घटनालाई कुनै एउटा परियोजना वा देशसँग सीधै जोडेर निष्कर्ष निकाल्नु वैज्ञानिक हुँदैन। प्राकृतिक विपद्का पछाडि अत्यधिक वर्षा, हिमताल, जलवायु परिवर्तन, भूगर्भीय अवस्था, वन विनाश, अव्यवस्थित सडक निर्माण र नदी प्रणालीमा भएको परिवर्तन जस्ता धेरै कारण हुन सक्छन्। तर सीमापारिका गतिविधिले जोखिम बढाएको हो कि होइन भन्नेबारे अध्ययन नगर्नु चाहिँ अर्को गम्भीर कमजोरी हो।

दुर्भाग्यवश, नेपालमा चीनसँग सम्बन्धित संवेदनशील विषय उठ्नेबित्तिकै बहस प्रायः अतिवादमा पुग्छ। राष्टवादी कम्युनिष्ट भनाउदाहरुले चीनको आलोचना गर्नु नै राष्ट्रविरोधी व्यवहार हो भन्ने शैलीमा प्रस्तुत हुने गरेका छन। नेपालले चीनसँग मित्रता राख्नुपर्छ, तर प्रश्न गर्न नसक्ने मित्रता होइन। भारतसँग असहमति हुँदा चीनलाई देखाउने र चीनसँग असहमति हुँदा भारतलाई देखाउने 'कार्ड राजनीति' अन्ततः नेपालको आफ्नै कूटनीतिक क्षमता कमजोर बनाउने अभ्यास हो। छिमेकीलाई सन्तुलनमा राख्ने नाममा अर्को छिमेकीप्रति अन्धभक्ति देखाउनु स्वतन्त्र परराष्ट्र नीति होइन।

नेपाली नेताहरूले चिनियाँ नेतृत्वको प्रशंसा गर्न पाउनु स्वाभाविक कूटनीतिक व्यवहार हुन सक्छ। तर प्रशंसा र राष्ट्रिय हितबीचको सीमारेखा मेटिनु हुँदैन। नेपालले कुनै पनि विदेशी पूर्वाधार परियोजनामा ऋण, अनुदान, निर्माण लागत र तत्कालीन राजनीतिक लाभभन्दा माथि उठेर वातावरणीय सुरक्षा, स्थानीय समुदायको अधिकार, विपद् जोखिम र दीर्घकालीन आर्थिक प्रतिफल हेर्नुपर्छ।

अब नेपालले उत्तरी सीमामा सीमापार वातावरणीय प्रभाव मूल्यांकनको स्थायी संयन्त्र निर्माण गर्न पहल गर्नुपर्छ। ठूला बाँध, जलविद्युत् आयोजना, सुरुङ, सडक तथा नदी मोड्ने परियोजनाबारे नेपाललाई समयमै सूचना दिने व्यवस्था हुनुपर्छ। नेपालका नदी तथा हिमतालहरूको संयुक्त वैज्ञानिक अनुगमन, बाढीको पूर्वसूचना प्रणाली र आपत्कालीन सूचना आदानप्रदान पनि अपरिहार्य छ।



सबैभन्दा महत्वपूर्ण कुरा, नेपालको राजनीतिक नेतृत्वले मौनताको राजनीति त्याग्नुपर्छ। चीन हाम्रो महत्वपूर्ण छिमेकी हो, भारत पनि त्यस्तै महत्वपूर्ण छ। अमेरिकादेखि युरोपसम्मका शक्ति राष्ट्रसँग नेपालको सम्बन्ध छ। नेपालको भविष्य कुनै एउटा शक्तिको कृपामा होइन, सन्तुलित कूटनीति, राष्ट्रिय स्वाभिमान र प्रमाणमा आधारित निर्णयमा निर्भर हुनुपर्छ।

नेपालले चीनसँग रेल माग्न सक्छ, सडक माग्न सक्छ, व्यापारिक नाका खोल्न सक्छ र जलविद्युत् सहकार्य गर्न सक्छ। तर त्यसको बदलामा आफ्ना हिमाल, नदी र नागरिकको सुरक्षामाथि मौन बस्नु हुँदैन। मित्रता बराबरीको संवादबाट बलियो हुन्छ; अन्धभक्तिबाट होइन।

उत्तरी हिमालयमा भइरहेको तीव्र विकासलाई नेपालले न विरोधको नारामा सीमित गर्नुपर्छ, न त प्रशंसाको गीतमा। जहाँ अवसर छ, त्यहाँ सहकार्य; जहाँ जोखिम छ, त्यहाँ प्रश्न; र जहाँ नेपालको राष्ट्रिय हित जोडिएको छ, त्यहाँ स्पष्ट अडान–यही नै परिपक्व कूटनीतिक बाटो हो।

### हिमालयको पीडा, जलवायु अन्याय

नेपालले विश्वलाई हरितगृह ग्यास उत्सर्जनमा नगण्य योगदान दिएको छ, तर जलवायु परिवर्तनको सबैभन्दा कठोर र तत्काल असर भोगिरहेका मुलुकमध्ये नेपाल अग्रपङ्क्तिमा छ। हिमाल पग्लिरहेका छन्, हिमतालको जोखिम बढिरहेको छ, पहिरो र आकस्मिक बाढीको प्रकृति झन् जटिल बन्दै गएको छ। विडम्बना यही हो–जसले विश्वव्यापी तापक्रम वृद्धिमा अत्यन्त थोरै योगदान गरेको छ, उसैले त्यसको मूल्य भने असमान रूपमा चुकाइरहेको छ।

विश्व बैंकका सन् २०२४ का तथ्याङ्कअनुसार विश्वव्यापी औसत प्रतिव्यक्ति वार्षिक कार्बन डाइअक्साइड उत्सर्जन करिब ४.६७ टन छ। चीनको प्रतिव्यक्ति उत्सर्जन ९.३ टन, अमेरिकाको १३.६ टन र भारतको २.१७ टन रहेको अवस्थामा नेपालको प्रतिव्यक्ति उत्सर्जन करिब ०.५४ टन मात्र छ। यसले विश्वव्यापी जलवायु संकट सिर्जना गर्न नेपालको योगदान कति न्यून छ भन्ने देखाउँछ। तर संकटको असरबाट नेपाल भने उम्कन सकेको छैन।

हिमालय केवल नेपालको भूगोल होइन। यो भारत, नेपाल र चीनलाई जोड्ने विशाल प्राकृतिक प्रणाली हो। हिमनदीले सीमाना चिन्दैनन्। हिमताल, नदीका जलाधार, पहिरो, हिमपहिरो र हावाका धाराले राजनीतिक नक्साका रेखाहरू पछ्याउँदैनन्। एउटा देशको हिमाली भूभागमा भएको भौगोलिक परिवर्तनले अर्को देशको नदी, बस्ती र जनजीवनमा असर पार्न सक्छ।

भारत, नेपाल र चीनबीच वातावरणीय सहकार्यका लागि संस्थागत त्रिपक्षीय संयन्त्र आवश्यक रहेको छ। जब प्रकृतिले सीमाना मान्दैन भने वातावरणीय व्यवस्थापन किन राजनीतिक सीमाभित्र मात्र सीमित रहने ? विशेषगरी वास्तविक समयमा जल तथा मौसमसम्बन्धी तथ्याङ्क आदानप्रदान, हिमताल तथा हिमनदीको निगरानी, आकस्मिक बाढीको पूर्वसूचना र सीमापार विपद् व्यवस्थापनमा तीनवटै मुलुकबीच पारदर्शी संयन्त्र आवश्यक छ।

यहाँ चीनको भूमिका विशेष संवेदनशील छ। तिब्बती पठार एसियाका महत्वपूर्ण नदी प्रणालीहरूको स्रोत क्षेत्र हो। नेपालका कोशी,बागमती,गन्डकी,कर्णाली,महाकाली लगायत भारतका ब्रह्मपुत्र, सिन्धु तथा गंगा प्रणालीका केही प्रमुख सहायक नदीहरू यही हिमाली भूभागसँग जोडिएका छन्। चीनले तिब्बतमा सडक, सुरुङ, जलविद्युत् आयोजना, बाँध तथा अन्य पूर्वाधार विस्तार गरिरहेको छ। विकास गर्ने चीनको अधिकारमाथि प्रश्न उठाउनु आवश्यक छैन। प्रश्न यति हो–यस्ता ठूला परियोजनाको सीमापार वातावरणीय प्रभावबारे नेपाल र भारतलाई कति जानकारी दिइन्छ? विपद्का बेला आवश्यक हाइड्रोलोजिकल तथ्याङ्क कति छिटो उपलब्ध हुन्छ? र सम्भावित जोखिमबारे पूर्वसूचना दिने व्यवस्था कति विश्वसनीय छ?

**यी प्रश्न चीनविरोधी होइनन्। यी प्रश्न नेपालको जीवन र सुरक्षासाग सम्बन्धित हुन्।**

नेपालले विगतमा उत्तरी छिमेकीसँग सम्बन्ध विस्तारलाई प्रायः राजनीतिक उपलब्धिका रूपमा मात्र हेरेको छ। चीनबाट रेल आउने सपना, उत्तरी नाका विस्तार, सडक तथा पूर्वाधार सहकार्य र चिनियाँ लगानीलाई लिएर राजनीतिक उत्साह देखियो। भारतसँगको सम्बन्धमा तनाव उत्पन्न हुँदा चीनलाई रणनीतिक विकल्पका रूपमा प्रस्तुत गर्ने प्रवृत्तिसमेत देखियो। तर मित्रता र अन्धभक्तिबीचको अन्तर नेपाली राजनीतिले अझै पर्याप्त रूपमा बुझ्न सकेको छैन।

रसुवालगायत हिमाली क्षेत्रमा भएका विनाशकारी बाढी तथा पहिरोले यो प्रश्नलाई अझ गम्भीर बनाएको छ। उपलब्ध वैज्ञानिक विश्लेषणहरूले यस्ता घटनालाई केवल एउटा कारणबाट व्याख्या गर्न नमिल्ने देखाउँछन्। हिउँ र चट्टानको पहिरो, तापक्रम वृद्धि, पर्माफ्रोस्टको कमजोरी, भूगर्भीय संरचना, अत्यधिक वर्षा तथा स्थानीय भौगोलिक अवस्थाजस्ता अनेक कारक एकैपटक सक्रिय हुन सक्छन्।

तर एउटा कुरा स्पष्ट छ–जलवायु परिवर्तनले हिमाली भूभागको प्राकृतिक संवेदनशीलता बढाइरहेको छ।वैज्ञानिकहरूका अनुसार हिन्दुकुश हिमालय विश्वका अन्य धेरै भागको तुलनामा तीव्र गतिमा तापक्रम वृद्धिको सामना गरिरहेको छ। हिमनदीहरू खुम्चिँदै छन् र पर्माफ्रोस्ट पग्लिँदा चट्टान तथा हिमनदीलाई जोडेर राख्ने प्राकृतिक संरचना कमजोर हुँदै गएको छ। फलस्वरूप हिमपहिरो, चट्टान खस्ने घटना, हिमताल विस्फोट र आकस्मिक बाढीको जोखिम बढ्न सक्छ।

काठमाडौंले भारतसँग कुरा गर्दा जस्तै चीनसँग पनि आफ्ना प्रश्न स्पष्ट रूपमा राख्न सक्नुपर्छ। नदीको तथ्याङ्क, बाँधको सञ्चालन, आकस्मिक बाढीको सूचना, सीमावर्ती पूर्वाधारको वातावरणीय प्रभाव र विपद्को पूर्वसूचनाका विषयमा नेपालले संस्थागत संवाद माग्नुपर्छ।

जलवायु परिवर्तनलाई अब केवल वातावरण मन्त्रालयको विषय बनाएर पुग्दैन। यो परराष्ट्र नीति, राष्ट्रिय सुरक्षा, जलस्रोत, ऊर्जा, पूर्वाधार र आर्थिक नीतिको विषय बनिसकेको छ।

नेपालले संयुक्त राष्ट्रसङ्घीय 'फन्ड फर रेस्पोन्डिङ टु लस एन्ड ड्यामेज' अन्तर्गत क्षतिपूर्ति तथा सहयोगको दाबी अघि बढाउनु यसै कारण महत्वपूर्ण छ। नेपालले जलवायु संकट सिर्जना गर्न अत्यन्त कम योगदान गरे पनि यसको असरबाट ठूलो क्षति व्यहोर्नुपरेको तर्क अन्तर्राष्ट्रिय मञ्चमा अझ बलियोसँग राख्नुपर्छ।

तर क्षतिपूर्तिको मागसँगै नेपालले आफ्नै घर पनि व्यवस्थित गर्नुपर्छ। हिमाली क्षेत्रमा अव्यवस्थित सडक निर्माण, कमजोर पूर्वाधार, जोखिमयुक्त बस्ती र वातावरणीय प्रभाव मूल्याङ्कनबिनाका परियोजनाले विपद्को क्षति अझ बढाउन सक्छन्। जलवायु न्यायको माग गर्ने देशले आफ्नै विकास नीतिलाई पनि जलवायु-संवेदनशील बनाउनुपर्छ।

अबको नेपालको प्राथमिकता स्पष्ट हुनुपर्छ–भारतविरोधी चीन कार्ड होइन, चीन वा भारतमध्ये कसैको अन्धसमर्थन पनि होइन। नेपालको बाटो हुनुपर्छ राष्ट्रिय हितमा आधारित सन्तुलित कूटनीति।

किनकि हिमालय कमजोर भयो भने यसको असर नेपालको सीमाभित्र मात्र सीमित रहने छैन। करोडौं मानिसको पानी, कृषि, ऊर्जा, जीविका र जीवनसँग जोडिएको यो हिमाली प्रणाली दक्षिण एसियाकै भविष्यसँग गाँसिएको छ।

त्यसैले नेपालले अब मौन कूटनीति होइन, वैज्ञानिक तथ्यमा आधारित सक्रिय जलवायु कूटनीति रोज्नुपर्छ। हिमालको आवाज अन्तर्राष्ट्रिय मञ्चमा पुऱ्याउनुपर्छ। भारत र चीनसँग समान रूपमा प्रश्न गर्नुपर्छ। सीमापार वातावरणीय प्रभाव मूल्याङ्कनको व्यवस्था माग्नुपर्छ। वास्तविक समयमा पानी र मौसमसम्बन्धी तथ्याङ्क आदानप्रदान गर्ने बाध्यकारी संयन्त्र निर्माण गर्न पहल गर्नुपर्छ।

हिमालय साझा हो भने यसको जोखिम पनि साझा हुनुपर्छ, र यसको संरक्षणको जिम्मेवारी पनि। नेपालको सानो उत्सर्जनले संसारलाई तताएको होइन। तर संसार तात्दा नेपालका हिमाल पग्लिरहेका छन्। त्यसैले नेपालको माग दान होइन–न्याय हो। र त्यो न्याय माग्न नेपालले पहिले आफ्नो मौनता तोड्नुपर्छ।

## विपद्पछिको अथक खोजी :

# उद्धार, समन्वय र आशाको यात्रा



● दीपेश विष्ट

संवत् २०८३ भदौ १० गतेको शान्त बिहानी एकाएक कोलाहल र असामान्य बन्यो। धुञ्चेमा रहनु भएका माथिल्लो त्रिशूली २१६ मेगावाट आयोजना निर्माण गरिरहेको कम्पनीका वरिष्ठ प्रबन्धकले करिब ८ बजेर ५७ मिनेटतिर मैलुङ क्याम्पमा रहेका कामदार तथा कर्मचारीलाई आपत्कालीन सन्देश जारी गर्नु भयो - बाढी आउँदैछ सुरक्षित रहनु होला। खबर गरेको क्षणभरमै भोटेकोशी-त्रिशूली नदीको विनाशकारी रूप आफ्नो बाटोमा परेका मानव, गाउँवस्ती, संरचना, बाटोघाटो र भूभागलाई तहसनहस बनाउँदै अघि बढ्यो।

आयोजनाका विभिन्न साइटहरू बाढीको चपेटामा परे, जसको तत्कालै लेखाजोखा सम्भव छैन। त्यस बखत आयोजनाका विभिन्न स्थानमा कम्पनीका कामदार तथा कर्मचारी काममा लागि सकेका थिए। बाढीपछि सम्पर्क सबै विच्छेद भयो, स्थिति एकाएक अन्योल र कहालीलाग्दो बन्यो। छिनभरमै धेरै स्थानीय बासिन्दासहित जलविद्युत कम्पनीका कामदार तथा कर्मचारी सम्पर्कविहीन भए।

त्यही क्षणबाट सुरु भयो कठिन खोजी र उद्धार यात्रा।

नेपाल वाटर एन्ड इनर्जी डेभलपमेन्ट कम्पनी (एनडब्लुइडिसी) र ठेकेदार कम्पनीहरूका लागि यो केवल एउटा प्राविधिक उद्धार अभियान थिएन। सम्पर्कविहीन आफ्ना कामदार तथा कर्मचारीको खोजी गर्नु, उनीहरूका परिवारलाई विश्वसनीय सूचना दिनु र सरकारी तथा सुरक्षा निकायसँग समन्वय गर्नु सबै कार्य समान रूपमा एकैसाथ गर्नु पर्ने भयो।

स्वभावैले पहिलो प्राथमिकता जीवनको खोजी रह्यो। बाढी आएकै क्षणदेखि कम्पनीले विभिन्न तहमा प्रतिकार्य संयन्त्र सक्रिय बनायो। धुञ्चेमा रहेका कम्पनीका वरिष्ठ प्रतिनिधिहरूले जिल्ला प्रशासन कार्यालय र नेपाल प्रहर ीसँग समन्वय सुरु गरे। काठमाडौंस्थित कम्पनी व्यवस्थापनको विशेष टोली विहान ११ बजे आवश्यक समन्वयका लागि बट्टारतर्फ प्रस्थान गऱ्यो। कम्पनीको व्यवस्थापन समूह काठमाडौंमा गर्नु पर्ने समन्वय कार्यमा जुट्यो।

एनडब्लुइडिसको कार्यलयमा अभिलेख गरिएको दैनिक विवरणका आधार (जततउकः//लधभमअउा.अफ/मष्कबकतभच-बलम-चभकअगभ-चभअयखभचथ/३तबद-७८८२) मा खोजी र उद्धारका मुख्य गतिविधिलाई यहाँ सरसर्ती वर्णन गरिएको छ।

पहिलो दिन बाढीबाट जोगिएर जंगलको बाटो हुँदै कालिकास्थान गाउँ पालिकाको ग्राङ्गसम्म आइपुगेका तीन जना कर्मचारीलाई कम्पनीको टोलीले उद्धार गऱ्यो। एक जनालाई परिवारसँग पुनर्मिलन गरियो भने दुई जनालाई हेलिकप्टरमार्फत बट्टार पुऱ्याइयो। केही व्यक्तिको उद्धारको यो क्षणसँगै अर्को कठोर यथार्थ सामुन्नेमा थियो, धेरै जना अझै सम्पर्कविहीन थिए।

पहिलो दिनदेखि नै सम्पर्कविहीन व्यक्तिका परिवारसँग सम्पर्क प्रयास सुरु भयो। खोजी कहाँ भइरहेको छ, के प्रगति भइरहेको छ र कस्ता कठिनाइ छन् भन्ने जानकारी खोजी तथा उद्धार टोलीका लागि मात्र होइन, आफन्तजनका लागि झन् महत्त्वपूर्ण थिए। परिवारसम्म यी जानकारी पुऱ्याउने काम पनि उद्धार प्रयासकै हिस्सा बन्यो।

भोलिपल्ट कम्पनीको टोलीले आयोजनाका विभिन्न साइटको हवाई निरीक्षण गऱ्यो। यसको मुख्य उद्देश्य बाढीले पुऱ्याएको क्षति र सम्भावित खोजीका क्षेत्रबारे प्रारम्भिक जानकारी प्राप्त गर्नु थियो।

सम्पर्क विच्छेद र पहुँचविहीन भूगोलमा खोजी तथा उद्धार नै आपत्कालीन कार्य थियो। बाढीपछि आयोजनाका धेरै क्षेत्रमा पुग्न नै ठुलो चुनौती थियो। कतिपय सडक र पहुँचमार्ग अवरुद्ध थिए। जंगल, लेदो, भग्नावशेष र नदीको तीव्र बहावका कारण पैदल हिँडेर पनि सबै स्थानमा पुग्न सम्भव थिएन।

भदौ १३ गते स्थानीयसहित नौ सदस्यीय टोली गठन गरी कालिकास्थान गाउँ पालिकाको ग्राङ्गदेखि मैलुङसम्मको जंगल क्षेत्रमा खोजी तथा उद्धार कार्य सुरु भयो। मैलुङ क्षेत्रमा एउटा शव परबाट देखिएको थियो, तर सबैतिर लेदोको दलदलका कारण उद्धार टोली शव भएको ठाउँसम्म पुग्न सकेन।

पैदल पहुँच जटिल भएपछि खोजीको दायरा बढाएर ड्रोन प्रविधिको सहायता लिने विकल्प खोजियो। ग्राङ्गबाट ड्रोनमार्फत सर्वेक्षण सुरु भयो। जलविद्युत आयोजनाको हेडवर्क्सको दायाँ किनारा, डाँडागाउँ र ठुलो हाक्कु क्षेत्रमा पनि ड्रोन परिचालन गरियो।

हवाई पहुँच सम्भव भएका ठाउँमा हेलिकप्टरबाट जनशक्ति र उपकरण पुऱ्याउने कार्य भए। नेपाली सेना, गृह मन्त्रालय, जिल्ला विपद् व्यवस्थापन समिति र अन्य सम्बन्धित निकायसँगको समन्वयपछि खोजी तथा उद्धारका लागि हेलिकप्टर प्रयोग गर्ने प्रबन्ध मिलाइयो।

तर खोजी तथा उद्धारका जटिलता यति मात्र थिएनन्। उपकरणका साथै विशेष टोलीहरू घटना स्थलमा पुग्नु अर्को जरुरी कदम बन्यो। आवश्यकता अनुसार विभिन्न विशेषज्ञ टोली र सुरक्षा निकाय परिचालित हुँदै गए। नेपाल राष्ट्रिय माउन्टेन गाइड एसोसिएसनको टोलीले एडिट-१ र डिस्यान्डर क्षेत्रमा खोजी सुरु गऱ्यो। नेपाली सेना र चिनियाँ टोलीले हेडवर्क्स क्षेत्रमा संयुक्त रूपमा खोजी र उद्धार अघि बढाए।

कुकुरसहितको खोजी तथा उद्धार टोलीले सल्लेटार, मैलुङ तथा अन्य सम्भावित क्षेत्रमा खोजी प्रयास जारी राख्यो। नवौं दिनमा सल्लेटार क्षेत्रमा फेला परेका छवटा शवको पहिचान गरी नेपाली सेनामार्फत बट्टार पुऱ्याइयो।

यसैगरी एडिट-३ को सुरुङको माथिल्लो भागबाट एउटा शव निकालियो। सल्लेटार र भाँगे झरनाबीचको क्षेत्रमा पनि एउटा शव फेला पारेर पहिचान गरियो। त्रिशूली नदीको बायाँ किनारमा पर्ने हाक्कुबेंशीको फूलबारीमा फेला परेको शवको पहिचान गरी नेपाल प्रहरीलाई जानकारी गराइयो।

यी प्रत्येक पहिचान एउटा खोजीको नतिजा मात्र थिएनन्। हरेक पहिचानले एउटा परिवारलाई लामो अन्योलबाट बाहिर ल्याउने बाटो खोल्थ्यो।

सुरुङभित्रको कठिन खोजी तथा उद्धार कार्य अर्को चुनौतीपूर्ण अध्याय थियो। खोजीको सबैभन्दा चुनौतीपूर्ण चरण आयोजनाका भूमिगत संरचनामा प्रवेश गरेपछि सुरु भयो। डिस्यान्डर बेसिनमा पानी जमेको थियो। सुरुङ तथा चेम्बरहरू लेदो, ढुङ्गा र भग्नावशेषले भरिएका थिए।पानी र लेदो निकाल्दै, अवरोध हटाउँदै र जोखिमको मूल्याङ्कन गर्दै खोजी तथा उद्धार टोली भित्र पस्ने प्रयास गरिरहेको थियो। नेपाली सेनाको टोलीले भदौ १७ गते डिस्यान्डर बेसिनबाट हेडरेस सुरुङभित्र करिब १५५ मिटरसम्म खोजी अघि बढायो।

त्यसबिच भदौ २० गते एउटा महत्त्वपूर्ण सफलता हात लाग्यो। डिस्यान्डर चेम्बर-१ देखि चेम्बर-२ सम्म खोजी विस्तार गर्ने क्रममा सम्पर्क विच्छेद भएको ११ दिनपछि एक चिनियाँ नागरिकलाई जीवितै उद्धार गर्न सफलता मिल्यो।

यो घटनाले कठिन परिस्थितिमा पनि जीवनको सम्भावना बाँकी रहन्छ भन्ने आशासहित खोजीमा संलग्न सबैलाई थप ऊर्जा थप्यो।

खोजी र उद्धार इच्छाशक्तिले मात्र सम्भव हुँदैन। यस कार्यलाई सहज बनाउन उपकरण जुटाउनु त्यत्तिकै अनिवार्य सर्त थियो। खोजी अगाडि बढाउन दक्ष जनशक्तिसँगै विशेष उपकरणहरूको आवश्यकता थियो। त्यसका लागि एनडब्लुइडिसीले सरकार, नेपाली सेना र सम्बन्धित निकायसँग अथक समन्वय गरिरह्यो।

कम्पनीका तर्फबाट मिनी एक्साभेटर, ज्याक ह्यामर, ह्यान्ड रक ड्रिल, जेनेरेटर, पानी पम्प, कम्प्रेसर, पाइप तथा होज पाइपलगायतका उपकरण बट्टारमा रहेको उद्धार क्याम्पमा पुऱ्याउने कार्य भयो। लेदो फाल्ने मड पम्प पनि उपलब्ध गराइयो। डिस्यान्डर क्षेत्रमा पानी फाल्ने लगायत खोजीका लागि आवश्यक सामग्री हेलिकप्टरमार्फत पुऱ्याइयो।

उपकरण जुटाउने क्रम जारी रह्यो। भदौ २५ गते एउटा मिनी एक्साभेटर एमआई-१७ हेलिकप्टरमार्फत मैलुङ क्याम्पमा पुऱ्याउने कार्य भयो। तर सबै स्थानमा हेलिकप्टर अवतरण सम्भव थिएन।

## 'बायोटेक्नोलोजिस्ट' को दरबन्दी थप्न पहल गर्छु: मन्त्री चौधरी

मुस्ताङ । कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले मुस्ताङको मार्फास्थित शितोष्ण बागवानी विकास केन्द्रमा हाइब्रिड स्याउका बिरुवा उत्पादनका लागि 'टिस्यु कल्चर बायोटेक्नोलोजिस्ट' को स्थायी दरबन्दी थप गर्न पहल गरिने बताउनुभएको छ ।

घरपझोङ जलवायु परिवर्तन सम्मेलन-२०८३ को उद्घाटन कार्यक्रममा सहभागी हुन मुस्ताङ आइपुग्नुभएका मन्त्री चौधरीले बिहीबार घरपझोङ गाउँपालिका-२ मार्फास्थित शितोष्ण बागवानी विकास केन्द्रको अवलोकनका क्रममा यस्तो बताउनुभएको हो ।

केन्द्रका प्रमुख प्रकाश पन्थले केन्द्रमा हाइब्रिड स्याउका बिरुवा उत्पादनका लागि ' बायोटेक्नोलोजिस्ट' को स्थायी दरबन्दी आवश्यक रहेको भन्दै मन्त्री चौधरीको ध्यानाकर्षण गराउनुभएको थियो । उहाँले केन्द्रका गतिविधि, कार्यक्रम, समस्या तथा चुनौतीबारे पनि जानकारी गराउनुभयो ।

जवाफमा मन्त्री चौधरीले फलफूलबाट उत्पादित मदिराको अन्तःशुल्कसम्बन्धी बेरुजु समस्या समाधान गर्न 'बायोटेक्नोलोजिस्ट' को स्थायी दरबन्दी थप गर्न पहल गरिने बताउनुभयो । उहाँले सानो बजेटबाट स्याटेलाइट फार्म स्थापना गर्दा समय लाग्ने भएकाले त्यसलाई परियोजनाका रूपमा अघि बढाउन आवश्यक छलफल गरिने आश्वासन दिनुभयो ।

केन्द्रका प्रमुख पन्थका अनुसार स्थापना भएको करिब ५० वर्षपछि पहिलोपटक मन्त्रिस्तरीय भ्रमण भएको हो । मन्त्री चौधरीले केन्द्रमा उत्पादित स्याउलगायत शितोष्ण फलफूल, तरकारी तथा कृषि प्रशोधनजन्य उत्पादनका प्रदर्शनी कक्षको अवलोकन गर्नुभएको थियो ।

विसं २०२३ मा स्थापना भएको शितोष्ण बागवानी विकास केन्द्रले मुस्ताङका किसानलाई फलफूल तथा तरकारीखेती र प्रविधि प्रसारसम्बन्धी ज्ञान तथा सीप हस्तान्तरण गर्दै आएको छ । केन्द्रका चारवटा ब्लकमा करिब ९०० रोपनी क्षेत्रफलमा फलफूल, तरकारी तथा अन्य कृषि बालीको उत्पादन, अनुसन्धान, अन्वेषण र क्षमता विकासका काम हुँदै आएका छन् । रासस

# बाढीमा बेपत्ता नागरिकका परिवारलाई कानुनी अधिकारबाट वञ्चित नगर्न सांसदको माग

काठमाण्डु । सांसदहरूले भोटेकोशी तथा रसुवा बाढीमा बेपत्ता नागरिकको खोजी तीव्र बनाउन, शव पहिचानका लागि 'डिएनए' परीक्षण तथा शव फेला नपरेका अवस्थामा पीडित परिवारले मृत्यु दर्ता, बीमा, क्षतिपूर्ति र बैङ्किङलगायत कानुनी अधिकार पाउने व्यवस्था सहजीकरण गर्न सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।



एकातिर आफन्त गुमाउनुको पीडा र अर्कोतर्फ सरकारी क्षतिपूर्ति, बीमा भुक्तानी, बैङ्कमा रहेको रकम तथा अंशबन्डालगायत कानुनी प्रक्रिया अघि बढाउन नसक्दा पीडित परिवार अधिकारबाट वञ्चित भइरहेका भन्दै सांसदहरूले सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा विशेष समयमा भाग लिँदै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद ठाकुरसिंह थारूले रसुवा बाढीका धेरै पीडित परिवारले परम्पराअनुसार कुश बनाएर अन्तिम दाहसंस्कार गरे पनि त्यसले कानुनी मान्यता पाउन नसकेको बताउनुभयो । शव बरामद नहुँदा 'पोस्टमार्टम रिपोर्ट' बन्न नसक्ने र त्यसका कारण स्थानीय तहले मृत्यु दर्ता गर्न नमिल्ने अवस्था रहेको उहाँले उल्लेख गर्नुभयो ।

उहाँहरूले विपद् प्रभावित नागरिकलाई राहत तथा पुनःस्थापनासँगै विपद्पछिका कानुनी समस्याको समाधानमा समेत सरकारले तत्काल पहल गर्नुपर्नेमा जोड दिनुभएको छ ।

बाढीमा बेपत्ता भएका व्यक्तिको हकमा मुलुकी देवानी संहिता, २०७४ को दफा ४० न्यायसङ्गत नदेखिएको भन्दै उहाँले तत्काल संशोधन गर्न सांसद थारूले माग गर्नुभयो । "विपद्का घटनामा कानुनको उल्झन होइन, परिवारलाई राहत र न्याय दिनुपर्छ, वर्षौं कुराउन हुँदैन," उहाँले भन्नुभयो ।

रास्वपाका सांसद विश्वराज पोखरेलले हराएका नागरिकको खोजी तथा मृत फेला परेका तर सनाखत हुन नसकेका शवको डिएनए परीक्षण गरी पहिचानसहित अन्तिम संस्कार सुनिश्चित गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । अन्तरराष्ट्रिय अभ्यास, मानव अधिकारका सिद्धान्त, आइसिआरसीको व्यवस्था तथा मुलुकी देवानी संहिताका प्रावधानलाई समग्र रूपमा हेर्दा पीडित परिवारले मृत आफन्तलाई आफ्नो धार्मिक संस्कारअनुसार अन्तिम बिदाइ गर्न पाउने मानवीय तथा कानुनी अधिकारलाई सम्मान गर्नुपर्ने उहाँको भनाइ थियो ।

यस्तै, रास्वपाका सांसद कृष्णहरि बुढाथोकीले भोटेकोशी बाढीमा सन्तान तथा आफन्त गुमाएका परिवारका लागि मृत्यु दर्ता, बीमा, बैङ्क तथा अन्य दायित्व व्यवस्थापन सहज बनाउन सरकारसँग माग गर्नुभयो ।

नेपाली कांग्रेसका सांसद विष्णुबहादुर खड्काले भोटेकोशी बाढीमा बेपत्ता नागरिकको खोजी तथा उद्धार कार्य थप प्रभावकारी बनाउन माग गर्नुभयो । उहाँले सुरुङभित्र र बाहिर खोजी कार्य तीव्र बनाउनुपर्ने बताउनुभयो ।

नेपाली कांग्रेसकी सांसद गीता गुरुङले तिब्बततर्फबाट आउने आकस्मिक बाढीको जोखिमलाई ध्यानमा राख्दै नदी तटीय क्षेत्रमा रहेका जोखिमयुक्त बस्ती स्थानान्तरण र पूर्वसूचना प्रणालीको व्यवस्था गर्नुपर्ने बताउनुभयो ।

सांसदहरूले चाडपर्वमा बजार अनुगमन तथा महँगी र कालोबजारी नियन्त्रण, ग्यासको सहज आपूर्ति र जलवायुजन्य विपद्को क्षतिपूर्तिलगायत विषयमा समेत सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

नेपाली कम्युनिष्ट पार्टीका सांसद महेन्द्रबहादुर शाहीले चाडपर्वका समयमा कालोबजारी र महँगी नियन्त्रण गरी दैनिक उपभोग्य वस्तुको सहज उपलब्धता सुनिश्चित गर्न तथा नागरिकको यात्रा सुरक्षित बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

उहाँले ग्यासको आवश्यक आपूर्तिका लागि सरकारले परिपक्व कूटनीतिक पहल गर्नुपर्ने बताउनुभयो ।

श्रम संस्कृति पार्टीका प्रमुख सचेतक आरेन राईले लोककल्याणकारी विज्ञापन कटौती गर्ने संशोधित कार्यविधि तत्काल खारेज गरी समयानुकूल वृद्धि गर्न माग गर्नुभयो । विदेशी सरकार वा संस्थाको सहयोगमा नेपालमा सञ्चालित राजनीतिक नेतृत्व विकास तथा युवा परिचालनसम्बन्धी कार्यक्रमको विवरण, बजेट र उद्देश्य सार्वजनिक गर्न सरकारसँग माग गर्नुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद ताहीर अलि भाटले युवा बेरोजगारी, शैक्षिक क्षेत्रमा देखिएको असन्तुष्टि र स्वास्थ्य सेवामा पहुँच विस्तार हुन नसकेको विषय उठाउनुभयो ।

रास्वपाका सांसद तारा विश्वकर्माले गोदावरी नगरपालिका कुण्डदेखि चापाखर्क त्रिवेणीसम्मको करिब सात किलोमिटर सडक कहिले निर्माण सम्पन्न हुन्छ भन्ने प्रश्न गर्नुभयो ।

नेकपा (एमाले) का सांसद कुलभक्त शाक्यले लुम्बिनी र कपिलवस्तुको तिलौराकोट राज्यको ध्यान नपुगेको र उपेक्षित अवस्थामा रहेको उल्लेख गर्दै लुम्बिनी विकास कोषमा पदाधिकारी यथाशीघ्र नियुक्त गर्न माग गर्नुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद भरत गिरीले पृथ्वी राजमार्ग अवरुद्ध हुँदा दैनिक उपभोग्य वस्तुको अभाव हुन थालेको बताउनुभयो । उहाँले नजिकिँदो चाडपर्वमा कालोबजारी र महँगी वृद्धि रोक्न तथा निजगढ-'फास्ट ट्र्याक'लाई प्राथमिकता दिन आग्रह गर्नुभयो ।

रास्वपाका सांसद अरविन्द साहले मधेश प्रदेशमा त्रिभुवन विश्वविद्यालयअन्तर्गत आङ्गिक इन्जिनियरिङ क्याम्पस स्थापना गर्ने निर्णयप्रति सरकारलाई धन्यवाद दिनुभयो । उहाँले मधेसका विद्यालयको स्तरवृद्धि गर्दै शिक्षक दरबन्दी आन्तरिक रूपमै पूरा गर्न माग गर्नुभयो ।

नेकपा (एमाले) का सांसद रिंगला यादवले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा भएको रकम, खर्च भएको रकम र लाभग्राहीको विवरण सार्वजनिक गर्न माग गर्नुभयो ।

यस्तै, रास्वपाका सांसद अशोककुमार चौधरीले इटहरी जिल्ला अस्पतालको स्तरवृद्धि गर्न माग गर्नुभयो । उहाँले ग्यास अभाव विगतमा प्रणाली व्यवस्थापनको कमजोरीका कारण भएको उल्लेख गर्दै वर्तमान सरकारले प्रणाली सुधारको काम थालेको बताउनुभयो ।

रास्वपाकी सांसद नीतिमा भण्डारी कार्कीले सर्लाही-१ मा लखन्देही नदीको निरन्तर कटानका कारण लालबन्दीको केही भूभाग टापुजस्तो बन्न पुगेको बताउनुभयो । उहाँले सीमावर्ती क्षेत्रमा डुबानको जोखिमलाई ध्यानमा राख्दै भारतसँग द्विपक्षीय संवाद अघि बढाउन आग्रह गर्नुभयो ।

रास्वपाका सांसद रामविनोद यादवले राज्यको सेवा प्रवाहलाई नागरिकमैत्री बनाउन तथा न्यूनतम सेवा मापदण्ड कार्यान्वयनमा ध्यान दिन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

रास्वपाकी सांसद अमृता विकले रोजगारीका नाममा महिलालाई ठगी तथा बेचबिखनमा पार्ने गिरोहविरुद्ध कारबाही गर्न माग गर्नुभयो । उहाँले 'भिजिट भिसा'को दुरूपयोग गरी ओमान, दुबई, कुवेत, साउदी अरेबियालगायत मुलुकमा दलित समुदायका महिलालाई गैरकानुनी रूपमा पठाउने गिरोहको खोजी गरी कारबाही गर्न आग्रह गर्नुभयो ।

रास्वपाका सांसद लालविक्रम थापा र झविलाल डुम्रेले विपद्मा उद्धार तथा राहतमा संलग्न सरकारसहित सबै निकायलाई धन्यवाद दिनुभयो । सांसद डुम्रेले जलवायु न्यायको विषय उठाउँदै नेपालले राहत र सहयोग मात्र नभई जलवायुजन्य क्षतिको क्षतिपूर्ति दाबी गर्नुपर्ने बताउनुभयो ।

रास्वपाका सांसद रुकेश रञ्जितले दसैं, तिहार र छठजस्ता पर्व नजिकिँदै गर्दा खाद्यान्न तथा उपभोग्य वस्तुको मूल्यवृद्धिप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले आपूर्ति शृ[illegible]लाको बहाना बनाएर कालोबजारी गर्नेलाई तत्काल कारबाही गर्न माग गर्नुभयो । रासस

# प्रतिनिधिसभा: बाढीपीडित, सडक दुर्घटना र भूमिहीनको समस्या समाधानका मुद्दा

काठमाण्डु । सांसदहरूले बाढीपीडितको उद्धार, सडक दुर्घटना व्यवस्थापनदेखि भूमिहीन सुकुमबासी समाधानलगायत नागरिकका सरोकारका सवालमा चर्चा गर्नुभएको छ । प्रतिनिधिसभाको आजको बैठकको शून्य समयमा भाग लिँदै सांसद डा लेखजङ्ग थापाले बाढी उद्धार टिममा स्वास्थ्यको विषयलाई ध्यानमा राख्दै 'डिजास्टर हेल्थ टिम' निर्माण गर्न सुझाव दिनुभयो ।



सांसद विक्रम खनालले पश्चिम नवलपरासीलगायत तराई क्षेत्रमा लागुऔषधको कुलतमा युवाहरू फसेको बताउँदै कुलतमा परेका युवालाई सरकारस्तरबाटै निःशुल्क सुधार केन्द्र र परामर्शलगायतका सेवा व्यवस्था गर्नुपर्ने बताउनुभयो ।

सांसद विक्रम थापाले सरकारले बाढी उद्धार कार्यमा सक्रिय भए पनि सरकारको विरोध गरिनु सान्दर्भिक नरहेको बताउनुभयो । सांसद विपिनकुमार आचार्यले सांसदले तथ्यमा टेकेर स्वतन्त्र रूपमा अभिव्यक्ति दिन पाउनुपर्ने बताउनुभयो । सांसद विष्णुमाया विकले सुरुङमा फसेका बाढीपिडितको उद्धारमा सरकारले सक्रिय भूमिका निर्वाह गर्न आग्रह गर्नुभयो ।

सांसद शम्भुप्रसाद ढकालले स्वास्थ्य बिमा प्रभावकारी बनाउने र सरकारी अस्पताललाई सुविधा सम्पन्न बनाउन जोड दिनुभयो । सांसद शोभा खनालले भोटेकोशी बाढीपीडितको लागि तत्काल संरक्षण र कानुनी उपचार प्रदान गर्न आग्रह गर्नुभयो ।

सांसद श्रीधर पोखरेलले बाढीग्रस्त क्षेत्रमा मात्रै केन्द्रित नभई ढाटासम्म प्रभावित भएका बाढीपीडितको परिवारको समेत राहतमा ध्यान दिन सरकारसमक्ष ध्यानार्कषण गर्नुभयो । सांसद श्रीराम न्यौपानले सडक र पक्की पुललगायत पूर्वाधारबारे सरकारको स्पस्ष्ट जवाफ जरुरी रहेको बताउनुभयो ।

सांसद लक्ष्मीप्रसाद पोखेलले नेपालको पछिल्लो राजनीतिक नेतृत्व उदयमा अमेरिकी सहयोगमा सञ्चालित संस्थाले गरेको दाबी द ग्रेट जोनले लेखेको छ । यसको जवाफ दिनुपर्ने बताउनुभयो । सांसद ललिता कुमारीले जलवायु परिवर्तनबारे संवेदनशील हुन सचेत गराउनुभयो ।

सांसद समिना मियाँ निजी र सरकारी क्षेत्रमा लागू हुनेगरी सुत्केरी कर्मचारीलाई छ महिना बिदाको व्यवस्थासँगै कार्यालयमा शिशु स्याहार केन्द्रको स्थापना गर्न अनुरोध गर्नुभयो । सांसद समीक्षा बास्कोटाले विपद् व्यवस्थापनको दीर्घकालीन योजना ल्याउन सरकारसमक्ष ध्यानार्कषण गराउनुभयो ।

सांसद सरस्वती लामाले त्रिभुवन राजपथ सडक साँघुरो भएकाले सडक जाम भएको बताउँदै वैकल्पिक बाटोहरूको उचित व्यवस्थापन गर्नुपर्ने बताउनुभयो । सांसद साजिदा खातुन सिद्धिकी स्वर्गद्वारी गुठीका मोही किसानको भूमिमाथिको अधिकारबारे जानकारी गराउनुभयो ।

सांसद सिर्जना श्रेष्ठले विज्ञान तथा प्रविधिलाई देशको विकासमा जोड्नुपर्ने बताउनुभयो । सांसद सुनिताकुमारी चौधरीले बाढीमा परेका पीडितको उद्धार खोजी र राहतको गतिलाई अझ तीव्र बनाउनुपर्ने बताउनुभयो ।

सांसद सुनिल केसीले काठमाडौं श[illegible]रापुर नगरपालिका-९ मा अस्पताल निर्माण गर्ने भनी हेल्पिङ हेन्डले जग्गा दुरूपयोग गरिएको विषयप्रति सरकारको ध्यानार्कषण गराउनुभयो ।

सांसद सुरेशकुमार चौधरीले बाँकेमा सुकुमबासीको समस्या अस्तव्यस्त रहेको बताउँदै सरकारले समान ढङ्गबाट लालपुर्जा दिन देशैभरि अभियान चलाउनुपर्ने बताउनुभयो । सांसद सुलभ खरेलले विपद् आएपछि उद्धार गर्नेभन्दा विपद् आउनुअघि नै सुरक्षा दिने राज्य आवश्यक रहेको बताउनुभयो । सांसद भोटेकोशी बाढी जलवायु परिवर्तनको मुद्दाका रूपमा संस्थागत गर्नुपर्ने बताउनुभयो । सांसद सुशीला ढकाल आचार्यले लागुऔषध नियन्त्रणको विषय राष्ट्रिय प्राथमिकताको विषय बनाउनुपर्ने धारणा राख्नुभयो ।

सांसद सुष्मा स्वर्णकारले रसुवामा आएको बाढीले उद्धार र राहतसँगै पीडित परिवारको समस्या समाधान गर्न दीर्घकालीन योजना ल्याउन सरकार समक्ष माग गर्नुभयो । सांसद सोम शर्माले जेनजी आन्दोलनको बलिदानले राजनीतिक परिवर्तन आएको स्पष्ट पार्नुभयो ।

सांसद स्मृति सेन्चुरीले थुनामा परेका नवयुवालाई तत्काल रिहा गर्न माग गर्नुभयो । सांसद हरिमोहन भण्डारीले बैतडीमा सडक दुर्घटना र पहिरोमा पीडित भएका नागरिकको समस्या उजागर गर्नुभयो ।

सांसद हरिप्रसाद भुसालले वैदेशिक रोजगार विभागले श्रमिकको गुनासो र समस्याको सुनुवाइ गर्न आग्रह गर्नुभयो । सांसद क्षितिज थेवेले ताप्लेजुङ जिल्लाका किसानले उत्पादन गर्ने छुर्पी बजार चिनमा रोकिएकाले छिटोभन्दा छिटो खुला गर्ने वातावरण मिलाउन सरकारसमक्ष आग्रह गर्नुभयो ।

सांसद ज्ञानु पौडेलले कर्णाली प्रदेशमा हाडजोर्नी अस्पतालको अभाव हुँदा त्यहाँका बिरामी प्रभावित भएको बताउँदै तत्काल विशेष अस्पतालको व्यवस्था गर्न सरकारसमक्ष माग गर्नुभयो । रासस

# सम्हाल्ने र समेट्ने कुरामा ध्यान दिएर पार्टीलाई एकतावद्ध बनाएर राख्छौँ: सभापति थापा

ललितपुर । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले सबै तह, वर्गका व्यक्ति तथा व्यक्तित्वहरूलाई सम्हाल्ने र समेट्ने कुरामा ध्यान दिएर पार्टीलाई एकवद्ध बनाएर राख्ने बताउनुभएको छ ।



पार्टीको केन्द्रीय कार्यालय सानेपामा बिहीबार बसेको केन्द्रीय समितिको वैठकको सुरुआतमा सभापति थापाले पार्टीभित्रका सबै असहमति र असन्तुष्टि सम्बोधन भएको उल्लेख गर्दै अब पार्टीलाई एकताबद्ध बनाएर लैजाने बताउनुभयो ।

"अड्किएका सबै कुरा सम्बोधन भएका छन्, नेपाली कांग्रेस एउटा परिवार हो, सबैलाई समेटेर जान्छौँ, तोकिएको तिथिमा अधिवेशन गर्नुपर्ने कुरामा हामी बाँधिएका छौँ, हामी सबै एक ठाउँमा उभिएर रहेका छौँ, सँगै बसेर अधिवेशन गर्नु नपर्ने कुनै कुरा छैन, पार्टीलाई एक बनाउने भनेको नेता मात्रै मिलाउने हैन, रिसाएर कांग्रेस छोडेकाहरुलाई जोड्नु आवश्यक छ, यही असोज १६ गते खुला मञ्चमा महाधिवेशन उद्घाटन गर्छौं," सभापति थापाले भन्नुभयो ।

सभापति थापाले पार्टीको महाधिवेशन टुङ्ग्याएर जनतासामु जाने उल्लेख गर्दै देशभरका पार्टी कार्यकर्ता तथा नेताहरूलाई एकतावद्ध हुन आग्रह गर्नुभयो । उहाँले पार्टीभित्र कसले जित्यो वा कसले आफ्नो अडान छाड्यो भन्ने रूपमा नभइ सबैले केही न केही लचकता अपनाएर पार्टीको हितमा सहमति गरेको विषयका रूपमा लिन आग्रह गर्नुभयो ।

"मतभिन्नता हुनु स्वाभाविक हो, त्यसलाई व्यक्तिगत विवाद नबनाई संवाद र सहमतिबाट समाधान खोज्नुपर्छ, पार्टीभित्रको एकता केवल नेताहरूबीचको एकतामा सीमित नराखी पार्टीबाट टाढिएका पुराना समर्थक तथा मतदातालाई समेत पुनः जोड्नुपर्छ," उहाँले भन्नुभयो ।

पार्टीका पूर्वसभापति तथा वरिष्ठ नेताहरूलाई समेत महाधिवेशन प्रक्रियामा सहभागी भएर एकताको सन्देश दिन सभापति थापाले आग्रह गर्नुभयो । वडा, जिल्ला तथा अन्य तहको अधिवेशनको जिम्मेवारी पाएका नेताहरूलाई पनि अधिवेशनमा सक्रिय रूपमा सहभागी हुन अनुरोध गर्दै उहाँले सहभागी हुन नसक्ने अवस्थामा विधानअनुसार वैकल्पिक व्यवस्था गर्नुपर्ने अवस्था आउनसक्ने बताउनुभयो ।

महाधिवेशन व्यवस्थापनका लागि विभिन्न समिति गठन गरी छोटो समयमै व्यवस्थित रूपमा काम गर्नुपर्नेमा सभापति थापाले जोड दिनुभयो । नेपाली कांग्रेसभित्र लामो समयदेखि देखिएका मतभेद र महाधिवेशनसम्बन्धी विवाद समाधान गर्न विभिन्न चरणमा निरन्तर संवाद हुँदै आएका थिए । विशेष महाधिवेशनपछि पनि पार्टीभित्र र नेताहरूबीच छलफल जारी रहेको तथा त्यसै क्रममा विभिन्न प्रस्ताव र सुझावका आधारमा सहमतिको वातावरण बनेको सभापति थापाको भनाइ थियो । रासस

# देशले प्राकृतिक विपद्बाट ठूलो क्षति व्यहोर्नुपर्‍यो: बिजुक्छे

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेले देशले विभिन्न प्राकृतिक विपद्‌बाट ठूलो क्षति व्यहोर्नुपरेको बताउनुभएको छ ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ कलेजको शैक्षिक कार्यक्रममा बिहीबार उत्कृष्ट विद्यार्थीलाई नगद पुरस्कार वितरण समारोहलाई सम्बोधन गर्दा उहाँले सो कुरा बताउनुभएको हो । भोटेकोशी बाढी तथा कृष्णभिर र मेलम्ची क्षेत्रमा भएका विपद्का घटनाले पूर्वाधार निर्माण, वातावरण र विपद् व्यवस्थापनसँग सम्बन्धित विषयमा थप अध्ययन आवश्यक भएको उहाँले बताउनुभयो ।

अध्यक्ष बिजुक्छेले "विपद्का घटनालाई केवल प्राकृतिक विपद्का रूपमा हेर्न हुँदैन, यो इन्जिनियरिङसँग सम्बन्धित विषय हो, भन्नुभयो । हाम्रो इन्जिनियरिङमै त्रुटि भयो कि, सरकारको गम्भीरता नपुगेका कारण यस्तो भइरहेको छ कि ! सबै विषयमा गम्भीर अध्ययन हुनुपर्छ ।"

उहाँले भक्तपुरलाई 'टेस्ट ट्युब'अर्थात् नयाँ अभ्यास र प्रयोगका लागि उपयुक्त स्थानका रूपमा विकास गर्न खोजिरहेको बताउँदै सानो भूगोल, तुलनात्मक रूपमा कम जटिलता र राजधानी काठमाडौँसँगको निकटताका कारण नयाँ योजना तथा अभ्यास सञ्चालन गर्न भक्तपुरमा सहज वातावरण रहेको बताउनुभयो ।

भक्तपुरमा सञ्चालन भएका कतिपय अभ्यासलाई अन्य स्थानीय तहले पनि आफ्नो ठाउँमा लागू गर्न सके जनतालाई सहज हुने बताउनुभयो ।

कार्यक्रममा अध्यक्ष बिजुक्छेले कलेजको शैक्षिक कार्यक्रममा उत्कृष्ट विद्यार्थीलाई नगद पुरस्कारसहित सम्मानपत्र वितरण गर्नुभयो ।

कार्यक्रमका सभापति भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले ख्वप इन्जिनियरिङ कलेज स्थानीय तहबाट सञ्चालित देशकै पहिलो प्राविधिक कलेज भएको बताउनुभयो ।

उहाँले नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेको परिकल्पनामा भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउन स्थापना भएको ख्वप सर्कलअन्तर्गतका शैक्षिक संस्थाले सस्तोमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजबाट हालसम्म पाँच हजार ६३५ जना र ख्वप कलेज अफ इन्जिनियरिङबाट दुई हजार ९५९ जना विद्यार्थीले अध्ययन पूरा गरी दुवै कलेजबाट छ हजारभन्दा बढी इन्जिनियर उत्पादन भइसकेको बताइएको थियो । रासस

# हुथी आक्रमणपछि यमनमा एक लाख २५ हजारभन्दा बढी विस्थापित



एएफपी । इरानसमर्थित हुथी विद्रोहीको आक्रमण तीव्र भएपछि यमनमा एक लाख २५ हजारभन्दा बढी मानिस विस्थापित भएका छन् । लाल सागरको तट हुँदै रणनीतिक समुद्री मार्गतर्फ हुथीहरू अघि बढेपछि सर्वसाधारणले घर छाडेर सुरक्षित स्थानतर्फ पलायन हुनुपरेको हो ।

चार महिनाकी गर्भवती इशराक अब्देल जलिल र उहाँका श्रीमान् मोहम्मद थाबेट पनि विस्थापित हुनेमध्येका हुनुहुन्छ । हुथी लडाकु नजिकिँदै गएपछि उनीहरूले पाँच किलोमिटर पैदल यात्रा गरेपछि पहाडी बाटो हुँदै करिब ६० किलोमिटर सवारी साधनमा यात्रा गरी दक्षिणपश्चिमी सहर ताइज पुगेका थिए ।

थाबेटका अनुसार पछिल्लो लडाइँ सन् २०१७ को द्वन्द्वभन्दा पनि भीषण थियो । "घर नजिकै गोलाबारी भइरहेको थियो र विस्फोटका छर्रा उडिरहेका थिए," उहाँले भन्नुभयो ।

ताइज पुगेपछि चिकित्सकले गर्भमा रहेको बच्चा तल सरेको जानकारी दिएपछि अब्देल जलिल थप चिन्तित हुनुभएको छ । यसअघि पनि सोही अवधिमा उहाँको गर्भपतन भएको थियो । अहिले उनीहरू विस्तारित परिवारसँग एउटै घरमा बसिरहेका छन् र दिनमा दुई पटक मात्र खाना खान सक्ने अवस्थामा छन् ।

थाबेटकी बहिनीले एक महिनाभन्दा बढी समयदेखि मधुमेहको औषधि किन्न नसकेको उहाँले बताउनुभयो । उहाँकी बहिनी र दुई छोरीमा रक्तअल्पताको जोखिम बढाउने रक्तसम्बन्धी समस्या रहेको पनि उहाँले बताउनुभयो ।

संयुक्त राष्ट्रसङ्घको मानवीय मामिला हेर्ने निकायका अनुसार पछिल्लो लडाइँमा आठ सर्वसाधारणको मृत्यु भएको र ३२ जना घाइते भएका छन् । युनिसेफका अनुसार विस्थापितमध्ये ५७ हजारभन्दा बढी बालबालिका छन् । "यो यमनले विगत केही वर्षमा देखेको सबैभन्दा तीव्र र अस्थिर विस्थापनको लहरमध्ये एक हो," यमनका लागि युनिसेफ प्रतिनिधि ओबिया अचिएङले भन्नुभयो । उहाँका अनुसार परिवार प्रायःरातको समयमा अत्यन्तै कम वा कुनै पूर्वसूचनाबिना घर छाड्न बाध्य भएका छन् ।

यमनमा सन् २०१४ मा हुथीहरूले राजधानी साना र उत्तरी भू-भागको ठूलो हिस्सा नियन्त्रणमा लिएपछि गृहयुद्ध सुरु भएको थियो । त्यसको अर्को वर्ष साउदी अरबले अन्तरराष्ट्रिय रूपमा मान्यता प्राप्त यमनी सरकारको समर्थनमा सैन्य हस्तक्षेप गरेको थियो । सन् २०२२ को युद्धविरामपछि लडाइँ केही हदसम्म रोकिएको भए पनि पछिल्लो समय पुनः चर्किएको हो ।

संयुक्त राष्ट्रसङ्घका अनुसार पछिल्लो द्वन्द्व सुरु हुनुअघि नै करिब ५० लाख यमनी गम्भीर खाद्य असुरक्षाको सामना गरिरहेका थिए ।

सहायता संस्थाले विस्थापितलाई खाद्य सामग्री, खानेपानी, सरसफाइका सामग्री, स्वास्थ्य सेवा र अस्थायी आवासको तत्काल आवश्यकता रहेको बताएका छन् । केही विस्थापित १६ घण्टाभन्दा बढी पैदल हिँडेर ताइज पुगेको र कतिपय बालबालिकामा कुपोषणका लक्षण देखिएको सहायता संस्थाले जनाएका छन् ।

# इन्डोनेसियासँग पनि नेपाल सोझो सेटमा पराजित



टुडे समाचारदाता

काठमाण्डु । २०औं एसियन गेम्स २०२६ अन्तर्गत महिला भलिबलको आफ्नो दोस्रो खेलमा पनि नेपाल पराजित भएको छ ।

क्वाटरफाइनलको सम्भावना कायम राख्न जित्नैपर्ने खेलमा खेलमा नेपाल इन्डोनेसियासँग ३-० को सोझो सेटमा पराजित भएको छ ।

पहिलो सेट २५-१२ ले गुमाएको नेपालले दोस्रो सेटमा भने राम्रो प्रदर्शन गरेको थियो । यद्यपी दोस्रो सेटमा नेपाल २५-२१ ले पराजित भयो ।

तेस्रो सेटमा पनि इन्डोनेसियाले लय कायम राख्दै सुरुवात देखि नै अग्रता लिएको थियो र अन्तिममा २५-२० ले सेट आफ्नो पक्षमा पार्दै खेल जितेको छ ।

समूह ए मा रहेको नेपाल यसअघि पहिलो खेलमा आयोजक जापानसँग सोझो सेटमा पराजित भएको थियो ।

तीन टोली मात्रै रहेको समूह ए मा नेपालले लगातार दुई खेल हारेपछि घरेलु टोली जापान र इन्डोनेसिया एक खेल अगावै क्वाटरफाइन प्रवेश गरेका छन् । अब यी दुईबीच हुने खेल समूह विजेता बन्नका लागि निर्णायक हुनेछ ।

समूहको दुवै खेलमा पराजित भएपछि नेपालको क्वाटरफाइनल पुग्ने सम्भावना सकिएको छ । अब नेपालले नवौं देखि १४औं स्थानका लागि हुने क्लासिफिकेसन म्याच खेल्नुपर्नेछ ।


अन्य समूहको खेलहरु सकिएपछि नेपालले अब खेल्ने प्रतिद्वन्दीको टुङ्गो लाग्नेछ ।

२०औं एसियन गेम्सको महिला भलिबलमा एसियाका उत्कृष्ट १४ टोलीले प्रतिस्पर्धा गरिरहेका छन् ।

एसियन गेम्सको औपचारिक उद्घाटन कार्यक्रम सेप्टेम्बर १९ (शनिबार) भएपनि विभिन्न खेलका प्रतिस्पर्धाहरु भने त्यसअघि नै सुरु भइसकेको छ ।

बास्केटल, फुटबल, भलिबल र मोडर्न पेन्टाथलनका खेलहरु भइरहेका छन् भने आजदेखि महिला क्रिकेट र टेकबल पनि शुरु भएको छ ।

# भारतमा १० जना माओवादीलाई मृत्युदण्डको सजाय



एएफपी । भारतको एक विशेष अदालतले सन् २०१३ मा कङ्ग्रेस पार्टीका सदस्यसहित २७ जनाको ज्यान जाने गरी भएको आक्रमणमा दोषी ठहर भएका १० जना माओवादी विद्रोहीलाई मृत्युदण्डको सजाय तोकिएको फैसला सुनाएको छ ।

दोषीलाई मृत्युदण्ड दिनुअघि राज्यविरुद्ध षड्यन्त्र र युद्ध भड्काउने लगायतका थुप्रै अपराधका लागि दोषी ठहर गरिएको भारतको राष्ट्रिय अनुसन्धान एजेन्सी (एनआईए)ले जनाएको छ ।

सन् १९६० को दशकमा सुरु भएको लगभग छ दशक लामो माओवादी विद्रोहमा १२ हजारभन्दा बढी मानिस मारिएका थिए भने यस घटनालाई एकजना पूर्वप्रधानमन्त्रीले भारतले सामना गरेको सबैभन्दा ठुलो आन्तरिक सुरक्षा खतराका रूपमा वर्णन गर्नु भएको थियो ।

"रेड कोरिडोर"मा निरन्तर सैन्य आक्रमण पछि विद्रोहलाई प्रभावकारी रूपमा पराजित गरिएको छ, जहाँ छापामारले सरकारलाई प्रतिस्थापन प्रयास गरेर आफ्नै समानान्तर प्रशासन स्थापना गरेका थिए ।

सन् २०१३ मे महिनामा भारतको मध्यराज्य छत्तीसगढको दुर्गम वन क्षेत्रमा स्थलगत रूपमा बन्दुक आक्रमण हुँदा काङ्ग्रेस पार्टीको शीर्ष राज्य नेतृत्वलाई समाप्त गरिदिएको थियो ।

आक्रमणकारीले विस्फोटक उपकरण विस्फोट गरी अन्धाधुन्ध गोलीबारी गरेको र मानिसको समुहमा ग्रेनेड फ्याकेर आक्रमण गरेको एनआइएले समाचार एजेन्सीले जनाएको छ ।

एजेन्सीले आफ्नो अनुसन्धानले १० जना माओवादी कार्यकर्ता वरिष्ठ कङ्ग्रेस नेता र सुरक्षाकर्मीमाथि आक्रमण र हत्या गर्ने आपराधिक षड्यन्त्रमा संलग्न रहेको पुष्टि भएको बताएको छ ।

# रुसी तेल खरिदमा भारतले 'सबै उपाय' अपनाउने



एएफपी । अमेरिकी सांसदहरूले रुसमाथि थप प्रतिबन्ध लगाउने विधेयक पारित गरेपछि भारतले आफ्नो ऊर्जा सुरक्षा र आर्थिक हित जोगाउन आवश्यक सबै उपाय अपनाउने जनाएको छ । भारतले ऊर्जा आपूर्तिका लागि विभिन्न मुलुकबाट तेल खरिद गर्ने नीति निरन्तरता दिने स्पष्ट पारेको हो ।

अमेरिकी कानूनले रुसको ऊर्जा तथा रक्षा क्षेत्र, राष्ट्रपति भ्लादिमिर पुटिन र अन्य वरिष्ठ अधिकारीका साथै पश्चिमी प्रतिबन्ध छल्न प्रयोग भइरहेको रुसको 'छाया जलपोत समूह' लाई लक्षित गरेको छ ।

कानूनले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई रुसी तेल र ग्यासका प्रमुख खरिदकर्तामाथि १०० प्रतिशतसम्म अतिरिक्त शुल्क लगाउने अधिकार दिनेछ । यसको असर चीन र भारतजस्ता रुसी ऊर्जा खरिदकर्तामाथि पर्न सक्नेछ ।

भारतको विदेश मन्त्रालयले एक अर्ब ४० करोड जनताको ऊर्जा सुरक्षा सुनिश्चित गर्न सरकार प्रतिबद्ध रहेको जनाएको छ । मन्त्रालयले विविध स्रोतबाट ऊर्जा खरिद गर्दै बदलिँदो अन्तर र्राष्ट्रिय बजारअनुसार आपूर्ति व्यवस्था मिलाउने बताएको छ । साथै, भारतले आफ्नो व्यापार तथा आर्थिक हितको रक्षा गर्न आवश्यक सबै उपाय अपनाउने स्पष्ट पारेको छ ।

युक्रेनमा रुसको युद्ध र अमेरिका तथा पश्चिमा मुलुकको दबाबका बाबजुद भारतले रुसी तेल खरिदलाई निरन्तरता दिँदै आएको छ । पछिल्लो समय ऊर्जा बजारमा देखिएको अस्थिरताबीच भारतले रुसी तेलको खरिद बढाएर आपूर्ति व्यवस्था सहज बनाएको थियो ।

रुसी राष्ट्रपति पुटिन र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले गत साता नयाँदिल्लीमा भएको ब्रिक्स शिखर सम्मेलनअघि भेटवार्ता गर्नुभएको थियो ।

भारतका अनुसार रुसी तेल खरिदसम्बन्धी विषयमा पछिल्ला महिनाहरूमा अमेरिकी अधिकारीहरूसँग उच्च तहमा छलफल हुँदै आएको छ ।

व्यापारसम्बन्धी तथ्याङ्क दिने कम्पनी केप्लरका अनुसार जुलाईमा भारतको रुसी कच्चा तेल आयात दैनिक २८ लाख १० हजार ब्यारेलसम्म पुगेको थियो । त्यसपछि घटेर गत महिना दैनिक करिब २० लाख ७० हजार ब्यारेलमा झरेको थियो ।

# बार्सिलोनाको गोल वर्षा



टुडे समाचारदाता

काठमाण्डु । बार्सिलोनाले बुधबार राति क्याम्प नोउमा रेसिङ सान्तान्डरलाई ७-२ को फराकिलो जित निकालेको छ। ला लिगामा लगातार छैटौं जितसहित बार्सिलोना शीर्ष स्थानमा उक्लेको छ ।

बार्सिलोनालाई जित दिलाउने क्रममा राफिन्हाको ह्याट्रिक गरे। आठौं मिनेटमा जोआओ कांसेलोले लामो दूरीबाट गरेको गोलमा बार्सिलोनाले अग्रता लियो। २५औं मिनेटमा राफिन्हाले पेनाल्टीबाट दोस्रो गोल गरेका थिए ।

३०औं मिनेटः म्यागुएट ग्वेयेले रेसिङको लागि एक गोल घटाएको थियो ।

३६औं मिनेटमा आसिएर भिल्लालिब्रेले आत गोल गर्दै अन्तर बढाएको थियो । ४२औं मिनेटमा राफिन्हाले दोस्रो गोल गर्दा बार्सिलोनाले पहिलो हाफमा ४-१ अग्रता बनाएको थियो ।

६५औं मिनेटमा यासिर जाबिरीले रेसिङका लागि दोस्रो गोल गरेको थियो । ६७औं मिनेटमा राफिन्हाले पेनाल्टीबाट ह्याट्रिक पूरा गरे। ७९औं मिनेटमा ग्याब्रियल जिससले र ८९औं मिनेटमा लामिने यामालले सातौं गोल गरेपछि बार्सिलोनाले फराकिलो जित निकालेको थियो ।

बार्सिलोनाले यो सिजनमा अहिलेसम्म २८ गोल गरिसकेको छ । हान्सी फ्लिकको टोलीले आफ्नो इतिहासकै उत्कृष्ट सुरुवातमध्ये एक प्रदर्शन गरेको हो ।

# नेपालले घरेलु मैदानमा बङ्लादेशविरुद्ध 'सिरिज' खेल्ने



काठमाण्डु । नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोलीले बङ्लादेशविरुद्ध पहिलोपटक टी-२० अन्तरराष्ट्रिय शृंखला खेल्ने भएको छ । नेपाल क्रिकेट संघ अनुसार नेपाल र बङ्लादेशबीचको द्विपक्षीय शृंखला आउँदो चैत महिनाको १२, १४ र १६ गते आयोजना हुने भएको हो ।

क्यानका सचिव पारस खड्काले भोटेकोशी बाढीमा मृत्यु भएकाको सम्झनामा नेपालले बङ्लादेशविरुद्ध सिरिज खेल्ने निश्चित भएको विज्ञप्तिमा उल्लेख गर्नुभएको छ।

"आगामी मार्चमा हुने नेपाल र बङ्गलादेशबीचको क्रिकेट शृंखला नेपालमा हालै आएको विनाशकारी बाढीमा ज्यान गुमाएकाहरूको स्मृतिमा समर्पित गरिने जानकारी गराउन पाउँदा खुसी छौं", पारसले बुधबार बेलुका सामाजिक सञ्जाल फेसबुकमा पनि लेख्नुभएको छ, "क्रिकेटभन्दा टाढा यो शृंखलाले नेपाल र बङ्लादेशबीच ऐक्यबद्धता, करुणा र मित्रताको सन्देश प्रवाह गर्नेछ । दुई छिमेकी राष्ट्र नेपाल र बङ्लादेशबीच जनस्तरमा बलियो सम्बन्ध रहनुका साथै क्रिकेटप्रति पनि समान प्रेम छ ।"

सचिव खड्काले शृंखला खेल्न तयार भएकामा बङ्लादेश क्रिकेट बोर्डप्रति आभारसमेत व्यक्त गर्नुभएको छ । नेपाल र बङ्लादेशबीचको शृंखला कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको स्टेडियममा हुने क्यानले जनाएको छ । रासस

# अष्ट्रेलियालीको आप्रवासन नीतिमा कडाइ



एएफपी । अष्ट्रेलिया सरकारले देशमा आप्रवासन नियन्त्रण गर्न तयार गरिएको आप्रवासन नियन्त्रण तथा परिवर्तन नीति अन्तर्गत अन्तरराष्ट्रिय विद्यार्थीको परिवारका सदस्यका लागि भिसा प्रतिबन्ध जारी गर्ने जनाएको छ ।

गृह मामिलामन्त्री टोनी बर्कले बिहीबार राष्ट्रिय प्रेस क्लबलाई सम्बोधन गर्दै आप्रवासन नियममा परिवर्तन भएको पुष्टि गर्दै चालू आर्थिक वर्षमा शुद्ध विदेशी आप्रवासन दुइ लाख ४५ हजार र सन् २०२७-२८ मा दुई लाख २५ हजार कटौती गर्ने बताउनुभयो ।

यो घोषणा अस्ट्रेलियन ब्युरो अफ स्ट्याटिस्टिक्सको नयाँ तथ्याङ्कसँग मिल्दोजुल्दो थियो जसले गत मार्चमा शुद्ध विदेशी आप्रवासनले राष्ट्रिय जनसङ्ख्यामा दुई खाल ९२ हजार १०० मानिस थपेको देखायो, जुन अघिल्लो १२ महिनामा तीन लाख नौ हजार ५०० थियो ।

बर्कले घोषणा गरेका परिवर्तन अन्तर्गत, अष्ट्रेलियामा अध्ययन गर्न आएका र भिसा अवधि वाँकी भएका अन्तरराष्ट्रिय विद्यार्थीले अब स्वचालित रूपमा पहिलेको जसरी आफ्नो परिवार ल्याउन पाउने छैनन् ।

सरकारी तथ्याङ्कअनुसार अस्ट्रेलियाले सन् २०२५-२६ मा तीन लाख ३७ हजार ४२७ विद्यार्थी भिसा प्रदान गरेको थियो, जसमध्ये ४५ हजार ९९१ जना आश्रित वा प्राथमिक आवेदकका परिवारका सदस्यका लागि थियो ।

यसअघि नै आफ्नो परिवार आफ्नो भिसामा संलग्न गरिसकेका साथै प्यासिफिक र आसियान राष्ट्रका अन्तरराष्ट्रिय विद्यार्थी र पिएचडी विद्यार्थीलाई परिवर्तित नियमबाट छुट दिइने बर्कले बताउनुभयो । उहाँले भिसा अवधि सकिएपछि पनि लामो समयसम्म अष्ट्रेलियामै बस्ने, अस्थायी भिसाबाट अन्य भिसा परिवर्ननको प्रयास गर्ने र भिसा प्रणलीको दुरुपयोग गर्ने अन्तरराष्ट्रिय विद्यार्थीमाथि नयाँ नियमअनुसार कारबाहि हुने बताउनुभएको छ ।

उहाँले नयाँ नियम अनुसनर अन्तरराष्ट्रिय विद्यार्थीलाई आफ्नो प्रवास विस्तार गर्न योग्यता मापन बढाउन आवश्यक रहेको बताउँदै भिसाको अवधि सकिएकालाई अष्ट्रेलिया छोड्न सुनिश्चित गर्न १०० जना नयाँ अनुगमन अधिकारी नियुक्त गरिने उल्लेख गर्नुभएको छ ।

**बर्कले घोषणा गरेका परिवर्तन अन्तर्गत, अष्ट्रेलियामा अध्ययन गर्न आएका र भिसा अवधि वाँकी भएका अन्तरराष्ट्रियविद्यार्थीले अब स्वचालित रूपमा पहिलेको जसरी आफ्नो परिवार ल्याउन पाउने छैनन् ।**

"यदि तपाईँ अस्थायी रूपमा अष्ट्रेलिया आउन चाहनुहुन्छ भने, अस्थायी भिसाका लागि आवेदन दिनुहोस् स्थायी रूपमा अष्ट्रेलिया आउन चाहनुहुन्छ भने स्थायी भिसाका लागि आवेदन दिनुहोस्" बर्कले भन्नुभयो । यदि तपाईंसँग अब वैध भिसा छैन भने, तपाईँले अस्ट्रेलिया छोड्नुपर्छ," उहाँले थप्नुभयो ।

उहाँका अनुसार निर्माण र कृषिसहित आवश्यक क्षेत्रमा सीप भएका आप्रवासीलाई प्राथमिकता दिन कुशल श्रमिक भिसाका लागि आवेदन विचार गर्ने आदेशमा संशोधन गरिनेछ र सक्रिय छुट्टी भिसा कार्यक्रममा प्रणाली सुरु गर्न आवाश्यक सुधार गरिनेछ ।

बाह्र महिनाको कार्य तथा छुट्टी भिसामा आएका आगन्तुकलाई हाल यदी तिनीले ८८ दिनको क्षेत्रीय काम पूरा गरी थप छ महिना काम पूरा गरे भने स्वचालित रूपमा दोस्रो वर्ष दिइने जनाइएको छ ।

करीव ४५ हजार योग्य र छुट्टी भिसा भएका मानिसलाई दोस्रो वर्ष र पाँच हजारलाई तेस्रो वर्ष प्रदान गरिने जनाइएको छ ।

बुर्केका अनुसार सन् २०२५-२६ मा ५७ हजार मानिस दोस्रो वर्षका लागि र ३१ हजार तेस्रो वर्षका लागि योग्य भएका छन् ।

# एन्फा निलम्बनका कारण साफमा नेपालको सहभागिता अन्योल

काठमाण्डु । फिफा निलम्बनका कारण नेपाली फुटबल क्षेत्र समस्याग्रस्त बनेको भन्दै एन्फालाई स्वतन्त्र रूपमा सञ्चालन गर्ने वातावरण बनाउन अखिल नेपाल फुटबल सङ्घ (एन्फा) ले सरकारसँग आग्रह गरेको छ ।

एन्फाद्वारा बिहीबार यहाँ आयोजित पत्रकार सम्मेनलमा एन्फाका प्रमुख कार्यकारी अधिकृत (सिइओ) इन्द्रमान तुलाधरले एन्फा बन्द हुँदा खेलाडी र राष्ट्रिय टोलीको तयारी मात्र नभई त्यहाँ कार्यरत कर्मचारीको दैनिक जीवन पनि प्रभावित भएको बताउनुभयो ।

उहाँले बङ्गलादेशमा आयोजना हुने साफ च्याम्पियनसिपमा नेपालको सहभागिता अन्योल भएको भन्दै यस विषयमा नेपालको सहभागिता सुनिश्चित गर्न तत्काल निर्णय आवश्यक रहेको बताउनुभयो ।

"एन्फा बन्द हुँदा खेलाडी र राष्ट्रिय टोलीको तयारी मात्र होइन, त्यहाँ कार्यरत कर्मचारीको दैनिक जीवन प्रभावित भएको छ," तुलाधरले भन्नुभयो । एन्फाका प्रमुख कार्यकारी अधिकृत (सिइओ) तुलाधरले आर्थिक कठिनाइका कारण कर्मचारी तथा सम्बन्धित व्यक्तिहरूमा गम्भीर तनाव उत्पन्न हुन सक्ने अवस्थातर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

त्यसैगरी, एन्फाका महासचिव किरण राईले साफ च्याम्पियनसिपमा नेपालको सहभागिताबारे सरकारले तत्काल स्पष्ट निर्णय गर्नुपर्ने बताउनुभयो । "अब नेपाली फुटबलको विषयमा स्पष्ट हुनुपर्छ । यस विषयमा सरकारसँग छलफल गर्न हामी तयार छौं," राईले भन्नुभयो । एन्फा निलम्बनको समस्या समाधानका लागि फिफा र एएफसीसँगको औपचारिक संवाद र समन्वयमा आवश्यक रहेको बताउनुभयो ।

त्यस्तै, एन्फा महासचिव राईले एन्फा सञ्चालनमा नआउँदा राष्ट्रिय टोलीको तयारीदेखि एन्फा एकेडेमीमा रहेका बालबालिकाको दैनिक जीवनसम्म प्रभावित भएको उल्लेख गर्नुभयो ।

फिफाको निलम्बनका कारण नेपालले विभिन्न अन्तरराष्ट्रिय प्रतियोगिता गुमाइसकेको छ । फिफा सिरिज महिला प्रतियोगिता २०२६, नेपाल-हङकङ अन्तरराष्ट्रिय मैत्रीपूर्ण खेल, एएफसी यू-१७ महिला एसियन कप २०२७ छनोट, एएफसी यू-२० महिला एसियन कप २०२६ छनोट तथा एएफसी यू-२० एसियन कप २०२७ पुरुष छनोटलगायत प्रतियोगितामा नेपालको सहभागिता प्रभावित भएको एन्फाले जनाएको छ ।

त्यस्तै, एन्फाका कर्मचारी, राष्ट्रिय महिला तथा पुरुष खेलाडी, प्रशिक्षक र रेफ्रीले पारिश्रमिक तथा भत्ता प्राप्त गर्न नसकेको र खेलाडीको उपचारमा पनि समस्या देखिएको एन्फाले जनाएको छ ।

# इटहरीमा असोज १४ गतेदेखि सीप तथा रोजगार मेला



काठमाण्डु। कोशी प्रदेशको इटहरीमा यही असोज १४ गतेदेखि सीप तथा रोजगार मेला आयोजना गरिने भएको छ। युवा जनशक्तिको ऊर्जा एवं सीपलाई स्वदेशमा उपयोगको वातावरण सिर्जना गर्ने उद्देश्यले यही असोज १४ देखि २० गतेसम्म मेला आयोजना गर्न लागिएको युवा तथा श्रम मन्त्रालयले जनाएको छ।

'सीप तथा रोजगार मेला सञ्चालन निर्देशिका, २०८३' जारी गरी देशभर सीप तथा रोजगार मेला आयोजना गर्ने तयारी थालिएको मन्त्रालयले जनाएको छ। उक्त निर्देशिकाबमोजिम मेला आयोजना तथा सञ्चालनका लागि युवा, श्रम तथा रोजगारमन्त्रीको संयोजकत्वमा निर्देशन तथा समन्वय समिति रहने व्यवस्था गरिएको मन्त्रालयको भनाइ छ।

"मेलालाई सफल बनाउन सबै सरोकार भएका निकायहरूबाट प्रचलित कानुनबमोजिम वित्तीय, प्राविधिक तथा जनशक्तिलगायतको आवश्यक सहयोग र योगदान जुटाइनेछ। यसका लागि आवश्यक सहकार्य, समन्वय तथा सुरक्षा व्यवस्थापनका लागि कोशी प्रदेशको सामाजिक विकास मन्त्रालय, कोशी प्रदेशका सबै स्थानीय तह र जिल्ला प्रशासन कार्यालय सुनसरीसँग पत्राचार गरी अनुरोध गरिनेछ", मन्त्रालयद्वारा जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

निर्देशिकाबमोजिमको कार्यान्वयन र सहजीकरण समितिले मेलाको समग्र व्यवस्थापन, सञ्चालन र कार्यान्वयन निर्देशिकाको दफा ७ बमोजिम गठित 'कार्यान्वयन, समन्वय र सहजीकरण समिति' ले गर्नेछ।

निजी क्षेत्र, उद्योग-प्रतिष्ठान, शैक्षिक तथा तालिम प्रदायक संस्था, विकास साझेदार, युवा, श्रम तथा रोजगार मन्त्रालय र मातहतका निकाय एवं अन्य सरकारी निकायले स्टल र डेस्क राखी सूचना तथा सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ मन्त्रालयले जनाएको छ।

तीनै तहका सरकार, निजी तथा गैरसरकारी क्षेत्र, विकास साझेदार संस्था, रोजगारदाता सङ्घ-महासङ्घ, उद्योगी व्यवसायी तथा शैक्षिक एवं तालिम प्रदायक संस्थाहरूको सहकार्य र समन्वयमा मेला सञ्चालन हुनेछ। मेलामा सीप, रोजगारी, उद्यमशीलता, स्वरोजगार प्रवर्द्धन गर्दै श्रमको सम्मान र स्वदेशमै रोजगारीको अवसर अभिवृद्धि गर्ने यस अभियानमा सम्बद्ध सबै सरोकार भएका निकायहरूलाई सहभागिताका लागि अनुरोध गरिएको छ।

यस सीप तथा रोजगार मेलामार्फत रोजगारदाताको वास्तविक जनशक्ति माग तथा रिक्त पद पहिचान र प्रमाणीकरण गर्ने, रोजगार खोजकर्ताको योग्यता, सीप, अनुभव र रुचिअनुसार रोजगार मिलान गर्ने तथा आवश्यक सीप परीक्षण, तालिम, प्रमाणीकरण, करियर परामर्श र उद्यमशीलता सेवासँग जोड्ने लक्ष्य राखिएको छ।

मेलास्थलमा सूचना तथा सहायता कक्ष, रोजगारदाता कक्ष, अन्तर्वार्ता क्षेत्र, सीप परीक्षण तथा प्रमाणीकरण डेस्क, तालिम तथा उद्यमशीलता सिफारिस सेवा, श्रम कानून तथा सामाजिक सुरक्षा जानकारी, गुनासो सुनुवाइ, प्राथमिक उपचार र आवश्यक सहजीकरणको व्यवस्था गरिनेछ। रासस

# सुरक्षण मुद्रणमा आत्मनिर्भर हुँदै बाह्य बजार विस्तारमा सञ्चारमन्त्रीको जोड



काठमाण्डु। सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले सुरक्षण मुद्रणका क्षेत्रमा नेपाललाई आत्मनिर्भर बनाउँदै बाह्य बजार विस्तारमा जोड दिनुभएको छ।

सूचना तथा सञ्चार मन्त्रालयमा बिहीबार आयोजित सुरक्षण मुद्रणसम्बन्धी विज्ञहरूको अनुभव आदानप्रदान कार्यक्रममा उहाँले नेपालमा आवश्यक सुरक्षणयुक्त कागजात तथा सामग्री स्वदेशमै उत्पादन गर्ने गरी सुरक्षण मुद्रण केन्द्रलाई सक्षम र व्यावसायिक बनाउनुपर्ने बताउनुभयो।

सरकारले सुरक्षण मुद्रण केन्द्रलाई निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्दै व्यावसायिक कारोबार गर्न सक्ने सार्वजनिक निकायको सूचीमा समावेश गर्ने निर्णय यसअघि नै गरिसकेको छ। उक्त निर्णयपछि केन्द्रलाई सरकारी आवश्यकताका सुरक्षणयुक्त सामग्री उत्पादन गर्ने निकायका रूपमा मात्र सीमित नराखी व्यावसायिक रूपमा सञ्चालन गर्ने तथा सेवा र उत्पादनलाई बाह्य बजारसम्म विस्तार गर्ने सम्भावनाबारे कार्यक्रममा छलफल भएको थियो।

सञ्चारमन्त्री तिमिल्सिनाले सुरक्षण मुद्रणका लागि आवश्यक प्रविधि, दक्ष जनशक्ति र पूर्वाधार विकास गर्दै नेपाल क्रमशः आत्मनिर्भर बन्नुपर्ने बताउनुभयो। देशभित्रै उत्पादन गर्न सकिने सुरक्षणयुक्त कागजात तथा सामग्रीका लागि विदेशमा निर्भर रहनुपर्ने अवस्था अन्त्य गर्दै केन्द्रलाई प्रतिस्पर्धी र व्यावसायिक बनाउनुपर्ने उहाँको धारणा थियो।

सुरक्षण मुद्रणलाई सरकारी काममा मात्र सीमित नराखी अन्तरराष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने उद्योगका रूपमा विकास गर्न अन्तरराष्ट्रिय मापदण्डअनुसारको प्रविधि, गुणस्तर, सुरक्षा प्रणाली र दक्ष जनशक्तिको विकास आवश्यक रहेको उहाँले बताउनुभयो।

कार्यक्रममा विज्ञहरूले अन्तरराष्ट्रिय बजारमा नेपालको सुरक्षण मुद्रणको अवस्था, प्रयोगमा रहेका प्रविधि, सुरक्षा मापदण्ड तथा अन्तरराष्ट्रिय बजारमा प्रवेश गर्न सकिने सम्भावनाबारे अनुभव प्रस्तुत गर्नुभएको थियो।

बैंक नोट, राहदानी, परिचयपत्र तथा राजस्वसम्बन्धी कागजातको सुरक्षण मुद्रणमा लामो अन्तरराष्ट्रिय अनुभव भएका तादेज जे. टर्क्ले सुरक्षण मुद्रणको प्रविधि र अन्तरराष्ट्रिय अभ्यासबारे अनुभव साझा गर्नुभयो। सुरक्षण डिजाइनसम्बन्धी विज्ञ तथा प्रशिक्षक क्यामिला स्मिडले सुरक्षण डिजाइन, नक्कली कागजात नियन्त्रण तथा डिजाइनमा अपनाउनुपर्ने सुरक्षा उपायबारे जानकारी दिनुभयो। प्रमाणीकरण तथा अन्तरराष्ट्रिय साझेदारीसम्बन्धी विज्ञ लास्लो वर्गाले प्रमाणीकरण, अन्तरराष्ट्रिय सहकार्य तथा बजार विस्तारका विषयमा अनुभव प्रस्तुत गर्नुभयो।

कार्यक्रममा सुरक्षण मुद्रणमा प्रयोग हुने कागज, कार्ड तथा डिजिटल प्रविधिमा पछिल्लो समय भइरहेको विकासबारे पनि छलफल भएको थियो। नक्कली कागजातका कारण राज्य तथा नागरिकलाई पुग्ने क्षति कम गर्न आधुनिक प्रविधि र बहुस्तरीय सुरक्षा प्रणाली आवश्यक हुनेमा विज्ञहरूले जोड दिनुभयो। त्यसैगरी, सुरक्षण मुद्रणमा अन्तरराष्ट्रिय सुरक्षा मापदण्ड पूरा गर्ने, नमुना परीक्षण गर्ने तथा उत्पादनलाई आवश्यक मापदण्डअनुसार प्रमाणीकरण र अनुपालन गर्ने विषयमा पनि छलफल भएको थियो।

सुरक्षण मुद्रण केन्द्रको क्षमता विस्तारका लागि अन्तरराष्ट्रिय साझेदारी, संयुक्त लगानी तथा प्रविधि हस्तान्तरणका सम्भावनाबारे समेत छलफल भएको थियो। अन्तरराष्ट्रिय प्रतिस्पर्धात्मक बोलपत्रमार्फत व्यवसाय विस्तार गर्ने तथा सरकार-सरकारबीचको सहकार्यबाट सुरक्षण मुद्रणसम्बन्धी सेवा र प्रविधि विकास गर्न सकिने विषयमा पनि विज्ञहरूले अनुभव प्रस्तुत गर्नुभयो।

सरकारले सुरक्षण मुद्रण केन्द्रलाई व्यावसायिक रूपमा अघि बढाउने निर्णय गरेसँगै केन्द्रको कार्यक्षेत्र विस्तार हुने अपेक्षा गरिएको छ। यसबाट राहदानी, परिचयपत्र, राजस्वसम्बन्धी कागजातलगायत सुरक्षण आवश्यक पर्ने सामग्री स्वदेशमै उत्पादन गर्ने क्षमता विकास गर्नुका साथै भविष्यमा विदेशी बजारमा पनि सेवा तथा उत्पादन पुऱ्याउने आधार तयार हुने सरकारको अपेक्षा छ।

कार्यक्रममा सञ्चारसचिव राजेन्द्रकुमार पौडेल, मुद्रण विभागका महानिर्देशक छविन्द्र पराजुली र सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशक देवराज ढुङ्गानालगायत सहभागी हुनुहुन्थ्यो। रासस

## ग्यासको मूल्य प्रतिसिलिण्डर दुई हजार ६० मात्र लिन सङ्घको आग्रह



काठमाण्डु। नेपाल एलपी ग्यास उद्योग संघले पुरानै दरमा ग्यासको बिक्री वितरण गर्न उद्योगीहरूलाई आग्रह गरेको छ। सङ्घले आज विज्ञप्ति जारी गर्दै शुक्रबारदेखि नेपाल आयल निगमले तोकेको प्रतिसिलिण्डर रु दुई हजार ६० मा बिक्री गर्न आग्रह गरेको हो।

भोटेकोशी बाढीका कारण पृथ्वी राजमार्गको कृष्णभीर खण्ड अवरुद्ध हुँदा उद्योगीले वैकल्पिक मार्गबाट ग्यास काठमाडौँमा ल्याएर बिक्री गरेका थिए। उपत्यकाबाहिरका उद्योगमा ग्यास भरेर ल्याउनु परेको भन्दै उद्योगीले प्रतिसिलिण्डर १०५ रूपैयाँ ३८ पैसा ढुवानी भाडाबापत थप गरी उपभोक्तासँग लिँदै आएका थिए।

पृथ्वी राजमार्ग अवरुद्ध भएपछि गत भदौ १४ गतेदेखि काठमाडौँ उपत्यकामा बजारीकरण गरिरहेका उद्योगले मकवानपुर, पर्सा, बारा, चितवन, नवलपरासी र धनुषामा रहेका उद्योगमा सिलिण्डर रिफिल गरी वैकल्पिक मार्गबाट ल्याएर ग्यास बिक्री गर्दै आएका थिए। रासस

# दुङमागढीलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिँदै



भोजपुर। भोजपुरको पौवादुङमा गाउँपालिका-५ सानोदुम्मामा रहेको ऐतिहासिक दुङमागढी (गढीडाँडा) पर्यटकीय क्षेत्रको रुपमा विकास भइरहेको छ।

ऐतिहासिक महत्व बोकेको यो क्षेत्रको संरक्षणसँगै पर्यटकलाई आकर्षित गर्ने उद्देश्यले पूर्वाधार निर्माणको काम अघि बढाइएको हो।

पर्यटकको सुविधाका लागि रेलिङ (बारा)सहितको पदमार्ग, विश्रामस्थललगायतका आवश्यक संरचना निर्माण गरिएको वडाध्यक्ष बोमप्रसाद राईले जानकारी दिनुभयो।

उहाँका अनुसार यहाँ आउने आगन्तुकलाई लक्षित गरेर वडा कार्यालयको तर्फबाट आधुनिक शौचालय निर्माण गर्ने लक्ष्यसमेत राखिएको छ।

स्थानीयस्तरमा रहेका ऐतिहासिक तथा प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्दै पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने नीति लिइएको गाउँपालिका अध्यक्ष किरण राईले बताउनुभयो।

ऐतिहासिक महत्व बोकेको दुङमागढीको विकास तथा संरक्षणमा जोड दिइएको अध्यक्ष राईको भनाइ छ।

"दुङमागढी एउटा ऐतिहासिकस्थल हो," अध्यक्ष राईले भन्नुभयो, "यो हाम्रो गाउँपालिकाको पहिचान पनि हो। यसको संरक्षणसँगै पर्यटनसँग जोड्ने लक्ष्य स्थानीय सरकारले लिएको छ।"

यस्तै, गाउँपालिका उपाध्यक्ष ज्योत्सना राईले पर्यटकीय सम्भावना बोकेका ठाउँको पहिचान र पूर्वाधार विकासमा गाउँपालिका प्रतिबद्ध रहेको बताउनुभयो।

दुङमागढीमा धेरै पर्यटकीय सम्भावना रहेकाले यसको प्रचारप्रसारमासमेत ध्यान दिइएको उहाँले जानकारी दिनुभयो।

"दुङमागढीमा पर्यटकको आगमन बढाउन सकिए स्थानीयस्तरमा रोजगार सिर्जनासँगै गाउँको आर्थिक गतिविधिमा टेवा पुग्ने देखिन्छ," उपाध्यक्ष राईले भन्नुभयो, "त्यसैले यो क्षेत्रको विकासका लागि न्यूनतम पूर्वाधार निर्माणका साथै प्रचारप्रसारलाई पनि तीव्रता दिएको छौँ।"

प्राकृतिक सुन्दरताले भरिपूर्ण दुङमागढी क्षेत्रमा पछिल्लो समय वनभोज खान र मनोरम दृश्यावलोकन गर्नका लागि मानिसको उपस्थिति बढ्दै गएको छ।

पूर्वाधार निर्माण भएसँगै यस क्षेत्रले आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गरिरहेको स्थानीयको भनाइ छ। यस स्थानबाट देखिने सुन्दर हिमशृङ्खलासँगै समथर फाँटले आगन्तुकको मन लोभ्याउने गरेको छ। रासस

# सटिजन्स बैंकद्वारा बजेट एचिभमेन्ट एन्ड स्ट्राटेजिक ग्रोथ रिभ्यु

**टुडे समाचारदाता**

काठमाण्डु। सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सुदूरपश्चिमप्रदेशमा आफ्ना प्रदेश प्रमुख, शाखा-प्रबन्धक तथा अन्य सहकर्मीहरूमाझ "सेमिनार अन अनट्याप्ड पोटेन्सियल, युनिफाइड एक्सनः बजेट एचिभमेन्ट एन्ड स्ट्राटेजिकग्रोथरिभ्यु-सुदूरपश्चिम प्रोभिन्स (०८३/८४)" कार्यक्रम आयोजना गरेको छ। सो सेमिनार बैंकका प्रमुख कार्यकारी अधिकृत श्री गणेशराज पोखरेल, नायव प्रमुख कार्यकारी अधिकृत लगायत अन्य वरिष्ठ कार्यकारीको उपस्थितिमा सम्पन्न भएको छ।




कार्यक्रममा गत आर्थिक बर्षको कार्य प्रगति समिक्षा एवं चालु आर्थिक वर्षका बजेट, रणनीतिक कार्य योजना एवं प्राथमिकताहरूमा छलफल गर्दै केन्द्र र प्रदेश बीच सहकार्य सुदृढ गर्ने विषयमा गहिरो अन्तरक्रिया भएको छ।

सुदूरपश्चिम प्रदेशको ७ जिल्लामा सिटिजन्स बैंकको १० शाखा कार्यालयहरू संञ्चालनमा छन्। यसअघि नै बैंकले बागमती प्रदेशमा "लिडिङ फ्रम द फ्रन्टः स्ट्राटेजिक ग्रोथ इम्परेटिभ्स फर बागमती प्रदेश", कोशी प्रदेशमा "एक्सेलेरेटिङ कमर्सियल मोमेन्टमः बिजनेस एक्सपान्सन एन्ड एसेट क्वालिटी इन्हान्समेन्ट इन कोशी प्रदेश" र मधेश प्रदेशमा "ड्राइभिङ हाई-भोल्युमग्रोथ, क्वालिटी क्रेडिट, एन्ड मार्केट लिडरसिप ०८३/८४" कार्यक्रम सम्पन्न गरिसकेको छ। त्यसैको निरन्तरता स्वरूप सुदूरपश्चिमप्रदेशमायसकिसिमको सेमिनार गरिएको हो। अरु प्रदेशहरूमा पनि यसै गरी क्रमश कार्यक्रम आयोजना गरिनेछ।

बैंकको गत आर्थिक वर्ष २०८२/२०८३ मा कर्जा प्रवाह १.२४ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ७७ अर्ब ३३ करोड पुगेको छ साथै निक्षेप संकलनमा पनि ९.२२ प्रतिशतको वृद्धि रु. २ खर्ब ३३ अर्ब ८१ करोड पुगेको छ। बैंकको खुदनाफा ६३.०५ प्रतिशतले बढेर रु. २ अर्ब ९ करोड ८६ लाखपुगेको छ।

"विश्वकै प्रतिष्ठित अवार्ड बैंक अफ द ईयर २०२४ र २०२५ को उपाधि प्राप्त गर्न सफल भएको बैंकले यस अघि नै फोनपेसँगको सहकार्यमा नेपालमै पहिलो पटक "सिटिजन्स फोनपे क्रेडिट कार्ड" भर्चुअलक्रेडिट कार्ड सञ्चालनमा ल्याएको छ। हालसालै बैंकले नवयुवा लक्षित बचत खाताँ सिटिजन्स जेन-जी सेभिङ्ग अकाउन्ट" र "सिटिजन्स डिजी बैंक सेवा" नामक एकीकृत अनलाइन प्लेटफर्म सञ्चालनमा ल्याएको छ। फ्रिलान्सरहरूलाई लक्षित गरी विशेष "फ्रिलान्सर सेविङ्ज अकाउन्ट" नामक नयाँ बचत खाता सुरु गरेको छ साथै नेपालमै पहिलो पटक मोबाइल बैंकिङ एपमार्फत नै शेयर आवेदन र सी.आर.एन् नम्बर सेवालिन सकिने सुबिधा लगायत क्रस बैंक टेलर सुविधा जसमा अन्य बैंककाग्राहकले सिटिजन्स बैंकको शाखाबाट टेलर क्यू आर स्क्यान गरी नगद प्राप्त गर्न सकिने समेत ल्याएको छ। सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी ६१ जिल्लामा फैलिएका आफ्ना २०० वटा शाखा, १६७ वटा ए.टि.एम., ३ विस्तारित काउन्टर र ४२ वटा शाखा रहित बैंकिङ्ग ईकाइहरुबाट २० लाख ६४ हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदानगर्दै आएको छ।

# धार्मिक पर्यटन प्रवर्द्धनमा जोड दिँदै बराहक्षेत्र विकास समिति

विराटनगर। बृहत्तर बराहक्षेत्र विकास समितिले धार्मिक पर्यटक बढाउने तथा तीर्थयात्रीलाई सुविधा दिने उद्देश्यले धनकुटाको भेडेटार र धरानको पिण्डेश्वर मन्दिर परिसरमा सम्पर्क कार्यालय स्थापना गरेको छ।

सम्पर्क कार्यालयहरूबाट सुनसरी, उदयपुर र धनकुटाका मुख्य धार्मिक तथा पर्यटकीयस्थलहरूको उचित व्यवस्थापन तथा दर्शनार्थीहरूलाई सूचना तथा सेवा प्रदान गर्न सहयोग पुग्ने विश्वास समितिले लिएको छ।

यसैगरी, कोशी प्रदेशका सुनसरी, उदयपुर र धनकुटाका धार्मिक तथा पर्यटकीयस्थलहरूको पहिचान, प्रवर्द्धन, प्रचारप्रसार गर्न तथा पर्यटकको सुविधाका लागि सम्पर्क कार्यालय स्थापनासहित चतरादेखि बराहक्षेत्र मन्दिर परिसरसम्म पुग्ने पूर्वाधार निर्माणमा सहजीकरण गर्ने समितिले स्पष्ट गरेको छ। रासस


## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय कल्याणपुर, सप्तरीको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८३/०६/०२ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

**तपसिल**

| ऋणीको विवरण | |
|---|---|
| सरुप चौधरी थारुको नाती, सत्य नारायण चौधरी थारुको छोरा, सप्तरी जिल्ला, साविक मोहनपुर गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, सम्भुनाथ न.पा. वडा नं. ६ बस्ने **मिस्टर चौधरी** (ना.प्र.नं. ६२६८८५५१, जारी मिति २०५१/०४/०७, जि.प्र.का. सप्तरी)। | |
| **व्यक्तिगत जमानतकर्ताको विवरण** | |
| १. सरुप चौधरी थारुको बुहारी, सत्य नारायण चौधरी थारुको पत्नी, सप्तरी जिल्ला, साविक मोहनपुर गा.वि.स./न.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, सम्भुनाथ न.पा. वडा नं. ६ बस्ने **गमकी देवी** (ना.प्र.नं. ९०७, जारी मिति २०४३/०८/२५, जि.प्र.का. सप्तरी)। | २. सत्य नारायण चौधरी थारुको बुहारी, मिस्टर चौधरीको पत्नी, सप्तरी जिल्ला, साविक मधुपट्टी गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, सम्भुनाथ न.पा. वडा नं. ६ बस्ने **जुनि कुमारी चौधरी** (ना.प्र.नं. २२२८, जारी मिति २०५९/०९/११, जि.प्र.का. सप्तरी)। |
| ३. सरुप चौधरी थारुको नाति, सत्य नारायण चौधरी थारुको छोरा, सप्तरी जिल्ला, साविक मोहनपुर गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, सम्भुनाथ न.पा. वडा नं. ६ बस्ने **रमेश कुमार चौधरी** (ना.प्र.नं. ९१४६, जारी मिति २०५७/०३/२५, जि.प्र.का. सप्तरी)। | ४. सत्य नारायण चौधरी थारुको बुहारी, रमेश कुमार चौधरीको पत्नी, सिराहा जिल्ला, साविक सुखीपुर गा.वि.स./न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, सम्भुनाथ न.पा. वडा नं. ६ बस्ने **सरीता चौधरी** (ना.प्र.नं. १०५३/१९८३३, जारी मिति २०६८/१२/१२, जि.प्र.का. सिराहा)। |
| ५. दुखी चौधरीको नाति, सरुप चौधरी थारुको छोरा, सप्तरी जिल्ला, साविक मोहनपुर गा.प. वडा नं. ८ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, सम्भुनाथ न.पा. वडा नं. ६ बस्ने **सत्य नारायण चौधरी थारु** (ना.प्र.नं. ६२६८०९०६, जारी मिति २०३३/०३/२६, जि.प्र.का. सप्तरी)। | ६. सरुप चौधरी थारुको नाति, सत्य नारायण चौधरी थारुको छोरा, सप्तरी जिल्ला, मोहनपुर गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, सम्भुनाथ न.पा. वडा नं. ६ बस्ने **उमेश कुमार चौधरी** (ना.प्र.नं. २६४१, जारी मिति २०६८/०४/१४, जि.प्र.का. सप्तरी)। |
| **धितोको विवरण** | |
| सत्य नारायण चौधरी थारु (ना.प्र.नं. ६२६८०९०६, जारी मिति २०३३/०३/२६, जि.प्र.का. सप्तरी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सप्तरी जिल्ला, साविक मोहनपुर गा.वि.स./न.पा. वडा नं. ३ नक्सा सिट नं. ३ क हाल सप्तरी जिल्ला, शम्भुनाथ न.पा. वडा नं. ५ स्थित कि.नं. २६२ को क्षेत्रफल ०-३-०-० (बि.क.धु.क.), सप्तरी जिल्ला, साविक मोहनपुर गा.वि.स./न.पा. वडा नं. ६ नक्सा सिट नं. ६ क हाल सप्तरी जिल्ला, शम्भुनाथ न.पा. वडा नं. ६ नक्सा सिट नं. ६ क स्थित कि.नं. ६९२ र ८३० को क्षेत्रफल क्रमशः ०-०-१६ १/४ र ०-१-० ३/४ (बि.क.धु.क.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत। | |

Siddhartha Bank

शाखा कार्यालय : कल्याणपुर, सप्तरी
फोन नं. ०३१-५४००९८
Website : www.siddharthabank.com


# धार्मिक पर्यटनको गन्तव्य चुरियामाई

बागमती। हरेक वर्ष विश्वकर्मा पूजा होस् वा दसैंको नवरात्र, हेटौंडा र त्यस आसपासका क्षेत्रबाट विशेषगरी नयाँ सवारीसाधन किन्नेले सामान्यतः नछुटाउने तीर्थस्थल हो चुरियामाई। विगत वर्षमाजस्तै यस वर्ष पनि विश्वकर्मा पूजाका अवसरमा आज बिहानैदेखि ठाउँठाउँबाट दर्शनार्थी सवारीसाधन पूजा गर्ने लक्ष्यका साथ चुरियामाई आएका छन्।

मकवानपुर जिल्लाको पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडाबाट वीरगन्ज जाने मार्गको छेउमा चुरे पर्वत शृङ्खलामा चुरियामाई मन्दिर अवस्थित छ। यो मन्दिरलाई विशेषतः यातायातकी देवीका रुपमा पूजाआजा गर्ने गरिने सो मन्दिरका पुजारी दीलिप नगरकोटीले बताउनुभयो। नयाँ सवारीसाधन किनेपछि यहाँ आएर दर्शन गरी पूजा गरेमा राम्रो हुने जनविश्वास रहेको यातायात व्यसायी कैलाश थापाले बताउनुभयो। त्यसैले हेटौंडा तथा त्यस आसपासका क्षेत्रबाट सवारीसाधन ल्याएर पूजा गर्न आउने चलन कायमै छ।

चुरे पर्वत शृङ्खलामा रहेकाले यसको चुरियामाई नामकरण गरिएको यहाँका ज्येष्ठ नागरिक बताउँछन्। हेटौंडा बजारबाट करिब १३ किलोमिटर दक्षिणतर्फ अर्थात् वीरगन्ज जाने पूर्व-पश्चिम राजमार्गको बायाँतर्फ चुरे पहाडको फेदीमा रहेको यो मन्दिरमा दिनहुँ भक्तजनको घुइँचो लाग्छ।

बूढापाकाका अनुसार यसअघि चुरियामाईको मूर्ति चुरे पर्वतको टुप्पोमा रहेकामा राणा प्रधानमन्त्री चन्द्र शमशेर राणाको पालामा भक्तजनलाई पूजाअर्चना गर्न सुविधा होस् भनेर चुरे पर्वतको टुप्पोबाट हालको फेदीमा ल्याई स्थापना गरिएको हो। राणाकालीन इतिहासको जीवन्त साक्षीका रूपमा रहेको यस मन्दिरले धार्मिक पर्यटनलाई जोड्ने काम गरिरहेको स्थानीयवासी बताउँछन्।

मन्दिरमा आकर्षक र कलात्मक शैलीको कालो प्रस्तरको चुरियामाईको मूर्ति छ। वरपर गणेशसहित विभिन्न देवीदेवताका मूर्ति छन्। दर्शनार्थीको घुइँचोलाई व्यवस्थित गर्नका लागि फलामेबारलाई व्यवस्थित गरिएको छ। साथै पूर्व-पश्चिम राजमार्गको चोकबाट उक्लनुपर्ने करिब १० मिनेटको सिँढी बाटोलाई व्यवस्थित गरिएको छ। मन्दिरसम्म उक्लदा यहाँको मनोरम प्राकृतिक सौन्दर्यताले जोकोहीलाई लोभ्याउने गरेको छ। मन्दिर परिसरमा रहेको सुरुङमार्ग पनि यहाँको अर्को आकर्षण हो।

विसं १८७२ मा राणा प्रधानमन्त्री चन्द्र शमशेरको शासनकालमा निर्माण सुरु भई १८७४ सालमा सम्पन्न भएको चुरियामाई सुरुङमार्ग तत्कालीन हेटौंडा-अमलेखगञ्ज रेलमार्गअन्तर्गत निर्माण गरिएको ऐतिहासिक सम्पदा हो। करिब दुई वर्ष लगाएर सुरुङमार्ग निर्माण गरिएको हो। यसको नेतृत्व सिभिल इन्जिनियर स्व डिल्लीजङ्ग थापाले गर्नुभएको थियो। उहाँको सम्मानमा चुरियामाई मन्दिर परिसरमा सालिक निर्माण गरिएको छ।रासस

# संघीयता बलियो बनाउनुपर्नेमा मन्त्री भट्टराईको जोड

**टुडे समाचारदाता**

वीरगञ्ज । मधेश प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराईले संघीय शासन प्रणालीलाई प्रभावकारी बनाउन वित्तीय संघीयतालाई बलियो बनाउनुपर्नेमा जोड दिएका छन् ।



तीन तहको संघीय शासन प्रणालीको मूल स्तम्भ नै वित्तीय संघीयता भएकाले संघ, प्रदेश र स्थानीय तहबीच अधिकार, स्रोत र जिम्मेवारीको स्पष्ट बाँडफाँटसँगै प्रभावकारी समन्वय आवश्यक रहेको उनले बताए ।

नेपाल नगरपालिका संघद्वारा आयोजित 'वित्त व्यवस्थापनमा प्रदेश तथा स्थानीय सरकारका साझा अधिकार' विषयक अन्तरक्रिया कार्यक्रममा मन्तव्य राख्दै मन्त्री भट्टराईले संविधानले तीनै तहका सरकारका अधिकार र जिम्मेवारी स्पष्ट गरे पनि कार्यान्वयनका क्रममा कानुनी अस्पष्टता, दोहोरोपना र अधिकार क्षेत्रसम्बन्धी जटिलता अझै कायम रहेको बताए ।

नेपालमा वित्तीय संघीयताको अभ्यास सुरु भएको झण्डै एक दशक पुग्न लाग्दा तीनै तहका सरकारमा गम्भीर तथा प्रणालीगत चुनौती देखिएको उनले भने । मन्त्री भट्टराईले कर तथा गैरकर शुल्कको संकलन र बाँडफाँटमा स्पष्टता नहुँदा प्रदेश र स्थानीय तहबीच अधिकार क्षेत्रको विवाद तथा दोहोरोपना देखिएको बताए ।

उनले संघ र स्थानीय तहको तुलनामा प्रदेश सरकारको कर आधार अत्यन्त कमजोर रहेको बताउँदै संघीय सरकारले अनुमान गरेअनुसार राजस्व बाँडफाँट तथा समानीकरण अनुदान समयमै उपलब्ध नहुँदा प्रदेश सरकारहरूलाई वित्तीय दबाब बढिरहेको भन्दै चिन्ता व्यक्त गरे । यस्तै, कानुनबमोजिम स्थानीय तहले प्रदेशलाई हस्तान्तरण गर्नुपर्ने राजस्व बाँडफाँटको रकम समयमा उपलब्ध नहुँदा समस्या थप जटिल बनेको उनले भने ।

भट्टराईले तीनै तहका सरकारबीच राजस्व संकलन र प्रशासनमा पर्याप्त समन्वय हुन नसकेको बताउँदै 'सिलो कल्चर' अन्त्य गरी नेटवर्कका रूपमा काम गर्नुपर्नेमा जोड दिए । राजस्व चुहावट नियन्त्रण र करको आधार विस्तारका लागि एकीकृत प्रणाली आवश्यक रहेको उल्लेख गर्दै प्रत्येक करदाताका लागि छुट्टाछुट्टै परिचय नम्बरको सट्टा विद्यमान प्यानलाई एकीकृत रूपमा प्रयोग गर्न सके भरपर्दो करदाता डाटाबेस निर्माण गर्न सकिने उनले बताए ।

वित्तीय व्यवस्थापनलाई अनुशासित र पारदर्शी बनाउन मधेश प्रदेश सरकारले बजेटसँगै वित्तीय हस्तान्तरणको व्यवस्था सुरु गरिएको जानकारी दिँदै उनले प्रदेशबाट स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणको समयसीमा विनियोजन ऐनमै स्पष्ट गर्ने व्यवस्था गरिएको भन्दै घरजग्गा रजिस्ट्रेसन शुल्क र सवारी साधन करजस्ता साझा राजस्व अधिकारलाई व्यवस्थित बनाउन नीतिगत तथा संरचनागत सुधार अघि बढाइएको बताए ।

प्रदेश बजेटलाई साना तथा टुक्रे योजनामा छर्नुभन्दा रूपान्तरणकारी र दिगो विकासका आयोजनामा केन्द्रित गर्ने नीति लिइएको उनले बताए ।

केही योजनामा क्षेत्राधिकारभन्दा बाहिर लगानी गर्दा समस्या उत्पन्न भएको उल्लेख गर्दै मन्त्री भट्टराईले आन्तरिक आयस्रोत वृद्धि, रोजगारी सिर्जना र आम्दानीका स्रोत विस्तारका लागि प्रदेश र स्थानीय सरकारबीच साझेदारी आवश्यक रहेको बताए ।

संघीयताको सफल कार्यान्वयनका लागि एक-अर्काको अधिकार क्षेत्रमा हस्तक्षेप गर्ने प्रवृत्ति अन्त्य गरी सहयोग, समन्वय र सहकार्यको संस्कृति विकास गर्नुपर्नेमा उनले जोड दिए । साथै, वित्तीय व्यवस्थापनमा पारदर्शिता र जवाफदेहिता बढाउन प्रदेश तथा स्थानीय तहमा विद्युतीय सुशासनको प्रयोगलाई प्रभावकारी बनाउनुपर्ने समेत बताए ।

नेपाल नगरपालिका संघ, मधेश प्रदेशका संयोजक तथा जनकपुर उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साहको अध्यक्षतामा कार्यक्रम कार्यक्रममा संविधानविद् तथा प्रशासनविद् काशीराज दाहालले कार्यक्रमको विषयवस्तुबारे स्पष्ट पारेका थिए भने पवन लोहनीले कार्यपत्र प्रस्तुत गरेको थियो ।

# रवि- बालेनबीचको दूरी बढ्दो

**सर्वदलीय बैठकमार्फत विभिन्न दलका नेताहरूलाई संवादमा ल्याउने उनको प्रयासलाई साह पक्षले फरक ढंगले हेरेको स्रोतको दाबी छ । विशेषगरी भ्रष्टाचारका मुद्दा वा विवादमा परेका नेताहरूलाई समेत सर्वदलीय छलफलमा सहभागी गराउँदा जनआन्दोलनको मर्म कमजोर हुन सक्ने बालेन पक्षको बुझाइ रहेको बताइन्छ ।**

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री बालेन्द्र साह उर्फ बालेन र सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेबीच पछिल्लो समय दूरी बढ्दै गएको चर्चा पार्टीभित्र हुन थालेको छ । सरकार सञ्चालन, राजनीतिक दलहरूसँगको सम्बन्ध र आगामी संवैधानिक तथा राजनीतिक नियुक्तिका विषयमा दुई नेताबीच फरक धारणा देखिन थालेपछि यस्तो चर्चा बढेको छ । प्रधानमन्त्री साहले अन्य दलका नेतालाई बेवास्ता गर्ने र सभापति लामिछानेले ती नेताहरुसँग सम्बन्ध बनाएको भन्दै असन्तुष्टी चुलिएको चर्चा पार्टीमा पनि हुन थालेको बताइन्छ ।



भदौ २९ गते प्रधानमन्त्री साहले रसुवाको भोटेकोशी बाढीबाट प्रभावित रसुवा, नुवाकोट र धादिङका स्थानीय तहका प्रमुखहरूसँग छलफल गरेका थिए । बाढी आएको करिब तीन सातापछि भएको उक्त छलफलमा बाढीपीडितको पुनःस्थापना, राहत तथा उद्धार र तीन तहका सरकारबीच समन्वयका विषयमा छलफल भएको थियो ।

बाढीपछि स्थानीय तहसँग पर्याप्त समन्वय नगरेको भन्दै सरकारमाथि आलोचना भइरहेको थियो । कतिपय प्रभावित परिवारले राहत तथा उद्धारमा ढिलाइ भएको गुनासो गरेका थिए । नुवाकोटमा तुलनात्मक रूपमा बढी राहत पुगेको भन्दै रसुवाका स्थानीय तह र प्रभावितहरूले समेत असन्तुष्टि जनाउँदै आएका थिए ।

प्रधानमन्त्री साहले प्रभावित क्षेत्रको स्थलगत निरीक्षणसँगै स्थानीय जनप्रतिनिधिसँग समन्वय बढाउने प्रयास गरेका थिए। २९ भदौको छलफलमा स्थानीय तहका प्रमुखहरूले विस्थापित परिवारको दीर्घकालीन पुनःस्थापनाका लागि जग्गा सट्टापट्टासम्बन्धी कानुनी व्यवस्था गर्नुपर्ने प्रस्तावसमेत राखेका थिए । त्यसको दुई दिनपछि रास्वपा सभापति लामिछानेले सर्वदलीय बैठक बोलाए । प्रधानमन्त्री बालेन र रास्वपा सभापति लामिछानेबीचको भूमिकालाई लिएर यसअघि पनि पार्टीभित्र बहस हुँदै आएको थियो । प्रधानमन्त्री बालेन नेतृत्वको सरकार रहे पनि सर्वदलीय बैठक सभापति लामिछानेले बोलाएको विषयलाई लिएर रास्वपाभित्र फरक-फरक व्याख्या हुन थालेको छ ।

रास्वपा स्रोतका अनुसार यी दुई घटनाले बालेन र लामिछानेको राजनीतिक कार्यशैलीमा देखिएको फरकपनलाई समेत उजागर गर्छ । साह अहिलेका प्रमुख राजनीतिक दल र तिनका शीर्ष नेताभन्दा निर्वाचित सांसद तथा स्थानीय जनप्रतिनिधिसँग प्रत्यक्ष संवाद गर्न रुचाउने पक्षमा रहेको बताइन्छ । कांग्रेस, एमाले तथा नेकपासहितका दलका सांसद र स्थानीय तहका जनप्रतिनिधिसँग उनले छुट्टाछुट्टै संवाद गरिसकेका छन् ।

साहको बुझाइ अनुसार पुराना राजनीतिक दलका शीर्ष नेताहरूलाई सर्वदलीय बैठकमार्फत पुनः राजनीतिक महत्व दिन आवश्यक छैन । फागुन २१ गतेको निर्वाचनपछि उनीहरूको राजनीतिक भूमिकामाथि जनस्तरबाट प्रश्न उठिसकेको उनको बुझाइ रहेको रास्वपा स्रोतको दाबी छ ।

लामिछाने भने पुराना दलहरूसँग संवाद र सहकार्य बढाउने पक्षमा देखिएका छन् । सर्वदलीय बैठकमार्फत विभिन्न दलका नेताहरूलाई संवादमा ल्याउने उनको प्रयासलाई साह पक्षले फरक ढंगले हेरेको स्रोतको दाबी छ । विशेषगरी भ्रष्टाचारका मुद्दा वा विवादमा परेका नेताहरूलाई समेत सर्वदलीय छलफलमा सहभागी गराउँदा जनआन्दोलनको मर्म कमजोर हुन सक्ने बालेन पक्षको बुझाइ रहेको बताइन्छ ।

रास्वपाभित्र साह र लामिछानेबीच दूरी बढ्नुको अर्को मुख्य कारण आगामी नियुक्तिसँग जोडिएको छ । संवैधानिक निकायका पदाधिकारीको कार्यकाल सकिन थालेसँगै नयाँ नियुक्तिका लागि राजनीतिक चासो बढेको छ । आगामी माघदेखि संवैधानिक निकायका ५२ पदाधिकारीको कार्यकाल सकिने भएकाले ती पदमा नयाँ नियुक्ति गर्नुपर्ने हुन्छ ।

स्रोतका अनुसार लामिछानेले संवैधानिक परिषद्बाट सिफारिस हुने पदहरूमा अहिलेबाटै चासो राख्न थालेका छन् । प्रधानमन्त्री कार्यालय स्रोतले पनि संवैधानिक नियुक्तिमा लामिछानेको रणनीतिक चासो रहेको दाबी गरेको छ । राजनीतिक नियुक्तिका विषयमा भने प्रधानमन्त्री र लामिछानेबीच छलफल हुने गरेको तथा लामिछानेले सिफारिस गरेका केही नाममा प्रधानमन्त्रीले रोक नलगाएको स्रोतको दाबी छ ।

राजदूत नियुक्तिमा पनि लामिछानेले चासो बढाएको बताइएको छ । केही देशका लागि राजदूत सिफारिसमा लामिछाने पक्षले विशेष रुचि देखाएपछि प्रधानमन्त्री साह संयुक्त राष्ट्रसंघको महासभामा सहभागी हुन जानुअघि राजदूत सिफारिस गर्ने सरकारको तयारी प्रभावित भएको स्रोतको दाबी छ । सरकारले दुई चरणमा राजदूत सिफारिस गर्ने तयारी गरे पनि प्रक्रिया अलमलमा परेको बताइएको छ ।

सरकार सञ्चालनसँग सम्बन्धित पछिल्लो विवाद उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्रीमा दीपक साहको नियुक्तिलाई लिएर पनि देखिएको छ । साह र लामिछानेबीच सरकार सञ्चालनमा लामिछानेले हस्तक्षेप नगर्ने तथा पार्टी सञ्चालनमा बालेनले हस्तक्षेप नगर्ने सहमति रहेको रास्वपा स्रोतको दाबी छ। सोही समझदारीअनुसार बालेनले साहलाई मन्त्री नियुक्त गरेको बताइन्छ ।

तर लामिछाने भने महाधिवेशनमा गरेको प्रतिबद्धता पूरा गर्न संसदीय दलका उपनेता गणेश पराजुलीलाई उद्योगमन्त्री बनाउन चाहन्थे । आफ्नो सिफारिस अनुसार नियुक्ति नभएपछि लामिछाने असन्तुष्ट बनेको स्रोतको दाबी छ ।

दीपक साहले मन्त्री पदको शपथ लिएलगत्तै लामिछानेले मन्त्रालयमा तत्काल नयाँ निर्णय नगर्न निर्देशन दिएको र सोहीअनुसार मन्त्रालयका काम प्रभावित भएको स्रोतको भनाइ छ ।

# जनकपुरधामका बालबालिकामा कुपोषणको समस्या बढ्दै

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको राजधानी जनकपुरधाम उपमहानरपालिकाभित्र मात्रै १५४ जना बालबालिकामा अझै गम्भीर प्रकृतिको कुपोषणको समस्या रहेको जनाएको छ। विज्ञ तथा सरोकारवालाहरु भन्छन् - प्रदेशभर तथ्यांकलाई एककृति र अनुगमनगर्नेहो भने पोषणको क्षेत्रमा अझै काम गर्नुपर्ने देखिन्छ ।



जनकपुरधाम उपमहानगरपालिका स्वास्थ्य शाखाका प्रतिनिधि सुबोधकुमार यादवले जनकपुरधाम उपमहानगरपालिकामा गम्भीर प्रकृतिको कुपोषण समस्या रहेको बताए । पालिकाभित्र मात्रै १५४ जनाभन्दा बढी बालबालिका कुपोषित रहेको र यस रोकथाम तथा न्यूनीकरणका लागि थप कार्यक्रम नहुँदा समस्या आउने दिनमा जटिल हुने उनको भनाइ थियो ।

त्यस्तै स्वास्थ्य कार्यालय धनुषाका प्रतिनिधि मधेश साहले धनुषा जिल्लामै कुपोषणको समस्या बढिरहेको बताए । उनले मधेश प्रदेश सरकारले केही वर्षदेखि पोषण कार्यक्रमका लागि बजेट उपलब्ध नगराउँदा जनकपुरधामसहित धनुषा जिल्लाभर नै कुपोषण न्यूनीकरणका लागि आमा र बालबालिकामा कुपोषण विगत वर्षभन्दा यसपटक तथ्यांकमा बढेको बताए ।

जनकपुरधाममा बिहीबार सामुदायिक सूचना नेटवर्कले आयोजना गरेको पोषण संवाद कार्यक्रममा सहभागीहरुले पोषणको क्षेत्रमा मधेश प्रदेशको अवस्था सन्तोषजनक नरहेको र सन्तुलित खानाको सन्दर्भमा जनचेतना आवश्यक रहेको धारणा राखेका छन् ।

अधिकारकर्मी जमुना भुजेलले पोषण अवस्था सुधारको लागि बालबालिका र महिला लक्षित सचेतनालगायतका कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन हुनुपर्नेमा जोड दिइन् । उनले गर्भवति आमादेखि बालबालिकालाई सरकारले दिँदै आएको सेवा सुविधा उपलब्ध गराउनुपर्ने र आमा तथा बालबालिकाको ध्यान राख्नका लागि सचेतना अभियानसमेत सञ्चालन गर्नुपर्ने बताइन् ।

त्यस्तै शिक्षिकासमेत रहेकी महिला अधिकारकर्मी दीपिका कार्कीले विद्यार्थीको लागि दिवा खाजालगायत बालबालिका लक्षित कार्यक्रम निरन्तर चल्नुपर्ने र सरोकारवालाले नियमित अनुगमनसमेत गर्नुपर्ने बताइन् ।

उनले विद्यालयमा दिवा खाजालगायतका बालबालिका लक्षित कार्यक्रम निरन्तर चल्नका लागि स्रोतको अभावमा रोकिन नहुने बताइन् । यसको साथै खानाको गुणस्तरलाई पनि नियमित रुपमा अनुगमन गरिनुपर्ने उनले बताइन् ।

सो कार्यक्रममा विभिन्न क्षेत्रतथा समूहका प्रतिनिधिहरुको सहभागीता रहेको थियो । सो कार्यक्रममा सहभागीहरुले पोषण सुधारको लागि सामाजिक, सांस्कृति तथा आर्थिक सबै पक्षबाट पहल र प्रयत्न हुनुपर्ने बताए । सो कार्यक्रममा सहभागी अन्तर धार्मिक सञ्जालका शुभकान्त झाले धर्मले सन्तुलित र पोषिलो खानालाई उच्च महत्वदिएको बताए ।

त्यस्तै कृषि कार्यालयका कार्यालय प्रमुख उमेश कुमार यादवले कृषिबालीमा उच्च बिषादीलगायतका समस्या रहन नहुने बताए । पोषिलो खानाका लागि हरियो सागसब्जी गर्भवति आमा र बालबालिकालाई स्वास्थ रहनका लागि पोषणसहितको भोजन आवश्यक रहेकोले हानिकारक औषधिहरु तरकारीबालीमा नछर्किन आग्रह उनले आग्रह । बजारमा उपलब्ध हुने तयारी र तुरुन्त पाइने खानाले बालबालिकाको पोषण आवश्यकता पूरा गर्न नसक्ने उनको भनाइ छ।

अभिभावकले पनि बजारमा तत्काल उपलब्ध हुने खानालाई प्रोत्साहित गर्न नहुने कार्यक्रममा सहभागीहरु बताउँछन् ।

रैथाने खाना प्रबर्द्धन गर्नुपर्नेमा पनि कार्यक्रमका सहभागीहरुले जोड दिए ।

सो कार्यक्रममा सामुदायिक रेडियो प्रशारक संघका कार्यकारी प्रमुख शिरोमणि ढुंगानाले कार्यक्रममाथि प्रकाश पारेका थिए भने अकोराबका प्रतिनिधि नितेश मिश्रले स्वागत मन्तव्य व्यक्त गरेका थिए ।

# प्रदेश सांसद खातुनको निधन

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशसभाकी प्रदेश सांसद जैनब खातुनको गएराति निधन भएको छ । नेकपा एमालेबाट रौतहट क्षेत्र नम्बर ३ को समानुपातिकतर्फ प्रदेशसभा सदस्य रहेकी खातुनको वीरगञ्जस्थित नेशनल मेडिकल अस्पतालमा उपचारका क्रममा निधन भएको हो ।



रौतहटको फतुवा विजयपुर नगरपालिका-५, सन्तपुर दोस्तियाकी खातुनलाई बुधबार अचानक चिनीको मात्रा बढेपछि उपचारका लागि वीरगञ्जस्थित नेशनल मेडिकल अस्पताल लगिएको थियो । अस्पतालमा उपचार भइरहेका क्रममा उनको निधन भएको छोरा रौजन मियाँले जानकारी दिएका छन् ।

खातुन मधेश प्रदेशसभामा रौतहट क्षेत्र नम्बर ३ बाट नेकपा एमालेको समानुपातिक सांसदका रूपमा प्रतिनिधित्व गर्दै आएकी थिइन् । उनको निधनसँगै मधेश प्रदेशसभाले एक महिला सांसद गुमाएको छ ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८